प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

# परीक्षा नियन्त्रण कार्यालय

सानोठिमी, भक्तपुर

## प्रि-डिप्लोमा तहको प्रवेश परीक्षा सञ्चालन, छात्रवृत्ति वितरण तथा भर्ना सम्वन्धी निर्देशिका, २०८१

परीक्षा समितिको मिति २०८१।०२।३२ गतेको निर्णयानुसार स्वीकृत

# बिषयसूची


प्रस्तावनाः 1

*परिच्छेद १* *1*

*प्रारम्भिक* *1*

१. संक्षिप्त नाम र प्रारम्भ : 1

२. परिभाषा : 1

*परिच्छेद २* *2*

*सञ्चालन हुने शैक्षिक कार्यक्रम तथा प्रवेश परीक्षा सम्वन्धी व्यवस्था* *2*

३. सञ्चालन हुने शैक्षिक कार्यक्रम र प्रवेश परीक्षामा सामेल हुनका लागि आवश्यक शैक्षिक योग्यताः 2

४. प्रवेश परीक्षा सम्वन्धी व्यवस्था : 2

५. प्रवेश परीक्षाको सूचना : 3

६. आवेदन फाराम सम्बन्धी व्यवस्था 3

(१) पुर्ण शुल्कीय आवेदन फाराम सम्बन्धी व्यवस्था 3

(२) बर्गीकृत (नि:शुल्क) छात्रबृत्ति आवेदन फाराम सम्बन्धी व्यवस्था 3

७. प्रवेश परीक्षाको आवेदन फारामका किसिमहरुः 3

८.पूर्ण शुल्कीय खुला र लक्षित वर्ग कोटाको आवेदन फाराम साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरुः 3

९.वर्गीकृत (नि:शुल्क) छात्रवृत्ति कोटाको आवेदन फाराम साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरुः 4

१०. आवेदन फाराम भर्ने परीक्षार्थीले ध्यान दिनु पर्ने कुराहरुः 4

*परिच्छेद ३* *5*

*छनोटका आधार तथा कोटा सम्बन्धी व्यवस्था* *5*

११. छनोटको आधार : 5

१२. कोटाहरुको व्यवस्था : 5

१३. पूर्ण शुल्कीय कोटाः 5

१४. छात्रवृत्ति कोटाः 6

१५.वर्गीकृत (नि:शुल्क) छात्रवृत्ति वितरण 7

१६. जेहेन्दार **(Merit)** छात्रवृत्ति (पूर्ण शुल्कीय कोटाहरु मध्येबाट) 8

*परिच्छेद ४* *8*

*प्रवेश परीक्षा सञ्चालन तथा नतिजा प्रकाशन सम्वन्धी व्यवस्था* *8*

१७. प्रवेश परीक्षाको संरचना : 8

१८. पूर्ण शुल्कीय तर्फका सम्पूर्ण कार्यक्रमहरुको प्रवेश परीक्षा संचालन तथा नतिजा प्रकाशन उप समितिको गठन 8

१९. प्रवेश परीक्षा संचालन तथा नतिजा प्रकाशन उप समितिको काम, कर्तव्य र अधिकार : 8

२०. पूर्ण शुल्कीय तर्फको सम्पूर्ण कार्यक्रमहरुको प्रवेश परीक्षा संचालन तथा नतिजा प्रकाशन सम्वन्धी व्यवस्था 9

२१. वर्गीकृत (नि:शुल्क) छात्रवृत्तिका सम्पूर्ण कार्यक्रमहरुको प्रवेश परीक्षा संचालन एवं नतिजा प्रकाशन उप समिति 9

२२. वर्गीकृत (नि:शुल्क) छात्रवृत्तिका सम्पूर्ण कार्यक्रमहरुको प्रवेश परीक्षा संचालन तथा नतिजा प्रकाशन सम्वन्धी व्यवस्था 10

*परिच्छेद ५* *11*

*परिक्षार्थी भर्ना सम्वन्धी व्यवस्था* *11*

२३. शिक्षालयलाई भर्ना सम्बन्धी निर्देशनः 11

२४. शिक्षालयहरुले पूर्ण शुल्कीय परीक्षार्थी भर्ना गर्दा अपनाउनु पर्ने प्रक्रिया : ____ 12
२५. शिक्षालयले वर्गीकृत (निःशुल्क) छात्रवृत्ति तर्फको परीक्षार्थी भर्ना गर्दा अपनाउनु पर्ने प्रक्रिया ____ 13
२६. परीक्षार्थीले शिक्षालयमा भर्नाका समयमा पेश गर्नुपर्ने आवश्यक कागजातहरु ____ 13
*परिच्छेद ६* ____ *14*
*रजिष्ट्रेशन सम्वन्धी व्यवस्था* ____ *14*
२७. रजिष्ट्रेशनका लागि आवश्यक कागजातहरु ____ 14
*परिच्छेद ७* ____ *15*
*शुल्क सम्वन्धी व्यवस्था* ____ *15*
२८. प्रवेश परीक्षा एवं अन्य शुल्कः ____ 15
*परिच्छेद ८* ____ *15*
*विविध* ____ *15*
२९. अनुगमन ____ 15
३०. खारेजी र बचाऊ ____ 16
*अनुसूची-१* ____ *18*
*अनुसूची-२* ____ *23*
*अनुसूची-३* ____ *27*
*अनुसूची-४* ____ *27*
*अनुसूची-५* ____ *28*
*अनुसूची ६* ____ *34*
*अनुसूची ७* ____ *36*
अनुसूची-९ ____ 37
अनुसूची-१० ____ 38
अनुसूची-११ ____ 39
अनुसूची-१२ ____ 40

**प्रस्तावनाः**

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् परीक्षा सम्बन्धी विनियमावली, २०७१ को विनियम ५५ को अधिकार प्रयोग गरी परीक्षा समितिले **प्रि-डिप्लोमा तहको प्रवेश परीक्षा सञ्चालन, छात्रवृत्ति वितरण तथा भर्ना सम्वन्धी निर्देशिका, २०८१** बनाएको छ ।

## परिच्छेद १

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

क) यो निर्देशिकाको नाम "प्रि-डिप्लोमा तहको प्रवेश परीक्षा संचालन, छात्रवृत्ति वितरण तथा भर्ना सम्बन्धी निर्देशिका २०८१" रहेको छ ।

ख) यो निर्देशिका परिषद्, परीक्षा समितिबाट स्वीकृत भएको मिति देखि लागू हुनेछ ।

**२. परिभाषा :**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा :

क) "ऐन" भन्नाले प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् ऐन २०४५ सम्झनु पर्छ ।

ख) "नियम" भन्नाले प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् नियमावली २०५१ सम्झनु पर्छ ।

ग) "विनियमावली" भन्नाले प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् परीक्षा सञ्चालन सम्बन्धी विनियमावली २०७१ सम्झनु पर्छ ।

घ) "समिति" भन्नाले परीक्षा सम्बन्धी विनियमावली २०७१ को विनियम ४ बमोजिम गठित परीक्षा समितिलाई सम्झनु पर्छ ।

ङ) "एस.एल.सी." भन्नाले प्रवेशिका परीक्षालाई जनाउँदछ ।

च) "एस.ई.ई" भन्नाले कक्षा-१० को अन्तमा लिइने परीक्षालाई जनाउँदछ ।

छ) "प्रि-डिप्लोमा" भन्नाले परिषद्बाट प्रि-डिप्लोमा वा प्राविधिक एस.एल.सी. उत्तीर्ण उपाधीलाई जनाउँदछ ।

ज) "कर्मचारी" भन्नाले प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, कर्मचारी सेवा, शर्त तथा सुविधा सम्वन्धी विनियमावली, २०६९ को विनियम (२) को (ढ) बमोजिम सेवाको पदमा स्थायी रुपमा बहाल रहेको व्यक्ति सम्झनु पर्दछ । यस शव्दले अस्थायी, करार वा ज्यालादारीमा काम गर्ने व्यक्ति जनाउने छैन ।

झ) "परिवार" भन्नाले सोही विनियमावलीको विनियम (२) को (य) बमोजिम कर्मचारीसंग बस्ने तथा निज आफैंले पालन पोषण गर्नुपर्ने पति, पत्नी, छोरा, अविवाहिता छोरी, धर्मपुत्र, अविवाहिता धर्मपुत्री, बाबु, आमा वा सौतेनी आमा सम्झनु पर्छ र सो शव्दले पुरुष र अविवाहिता महिला कर्मचारीको हकमा निजको बाबु तर्फका बाजे, बज्यै तथा विवाहिता महिला कर्मचारीको हकमा निजको सासू, ससुरा समेतलाई जनाउंछ ।

ञ) "परिषद्" भन्नाले प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्लाई जनाउँदछ ।

ट) "प.नि.का" भन्नाले प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, परीक्षा नियन्त्रण कार्यालयलाई जनाउँदछ ।

ठ) "प्रदेश कार्यालय" भन्नाले परिषद्बाट स्थापना गरिएका परिषद्का सात वटा प्रदेश कार्यालयहरु सम्झनु पर्दछ ।

ड) "शिक्षालय" भन्नाले परिषद्का आंगिक, साझेदारी, सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा (TECS) र निजी स्तरमा सम्वन्धन स्वीकृत प्राप्त शिक्षालय समेतलाई सम्झनु पर्दछ ।

ढ) "पूर्ण शुल्कीय खुला कोटा" भन्नाले छात्रवृत्ति बाहेकका कोटामा शुल्क तिरी अध्ययन गर्ने कोटा सम्झनु पर्दछ ।

ण) "पूर्ण शुल्कीय लक्षित वर्ग कोटा" भन्नाले छात्रवृत्ति बाहेकका कोटामा लक्षित वर्गका लागि तोकिएको शुल्क तिरी अध्ययन गर्ने कोटा सम्झनु पर्दछ ।

त) "वर्गीकृत (नि:शुल्क) छात्रवृत्ति कोटा" भन्नाले पुर्ण शुल्कीय बाहेकका कोटामा शुल्क नतिरी अध्ययन गर्ने कोटा सम्झनु पर्दछ ।

(थ) "जेहेन्दार छात्रवृत्ति कोटा" भन्नाले पुर्ण शुल्कीय प्रवेश परीक्षामा उच्चतम अंक प्राप्त गरी शुल्क नतिरी अध्ययन गर्ने कोटा सम्झनु पर्दछ ।

## परिच्छेद २

## सञ्चालन हुने शैक्षिक कार्यक्रम तथा प्रवेश परीक्षा सम्वन्धी व्यवस्था

### ३. सञ्चालन हुने शैक्षिक कार्यक्रम र प्रवेश परीक्षामा सामेल हुनका लागि आवश्यक शैक्षिक योग्यताः

परिषद्का आंगिक, साझेदारी, सामुदायिक विद्यालय र निजी स्तरमा विभिन्न शैक्षिक कार्यक्रम सञ्चालनको सम्बन्धन स्वीकृत पाएका शिक्षालयहरुमा तपसिल बमोजिमका शैक्षिक कार्यक्रमहरु सञ्चालन हुनेछन् । उल्लेखित शैक्षिक कार्यक्रम अध्ययनका लागि निम्नानुसारको शैक्षिक योग्यता हासिल गरेको हुनुपर्नेछ ।

(१) परिषद् अन्तर्गतका शिक्षण संस्थाहरुमा **प्रि-डिप्लोमा** तहमा पाठ्यक्रम विकास तथा समकक्षता निर्धारण महाशाखाबाट निर्माण भई पाठ्यक्रम समितिबाट स्वीकृत तपसिल बमोजिमका शैक्षिक कार्यक्रमहरु संचालन हुनेछन् ;

| क.सं | अध्यापन गराइने शैक्षिक कार्यक्रम | क.सं | अध्यापन गराइने शैक्षिक कार्यक्रम |
|---|---|---|---|
| १. | प्रि-डिप्लोमा ईन एग्रिकल्चर (प्लान्ट साइन्स) | १३. | प्रि-डिप्लोमा ईन रेफ्रिजिरेशन एण्ड एयरकण्डिसनिङ्ग इन्जिनियरिङ्ग |
| २. | प्रि-डिप्लोमा ईन लाइभस्टक प्रडक्सन/एनिमल हेल्थ प्रि-डिप्लोमा | १४. | प्रि-डिप्लोमा ईन होटल मेनेजमेण्ट |
| ३. | प्रि-डिप्लोमा ईन भेटेरिनरी साइन्स | १५. | प्रि-डिप्लोमा ईन कुलिनरी आर्ट |
| ४. | प्रि-डिप्लोमा ईन फरेष्ट्री | १६. | प्रि-डिप्लोमा ईन इन्टरप्रेनरसिप डेभलपमेण्ट |
| ५. | प्रि-डिप्लोमा ईन सिभिल इन्जिनियरिङ्ग | १७. | प्रि-डिप्लोमा ईन सोसल मोबिलाइजेसन |
| ६. | प्रि-डिप्लोमा ईन इलेक्ट्रिकल इन्जिनियरिङ्ग | १८. | प्रि-डिप्लोमा ईन कम्प्युटर एप्लिकेशन एण्ड सेक्रेटरियल मेनेजमेण्ट |
| ७. | प्रि-डिप्लोमा ईन इलेक्ट्रोनिक्स इन्जिनियरिङ्ग | १९. | प्रि-डिप्लोमा ईन मेकानिकल इन्जिनियरिङ्ग (एप्रेन्टिसिप) |
| ८. | प्रि-डिप्लोमा ईन वाटर सप्लाई एण्ड सेनिटरी इन्जिनियरिङ्ग | २०. | प्रि-डिप्लोमा ईन इलेक्ट्रिकल इन्जिनियरिङ्ग (एप्रेन्टिसिप) |
| ९. | प्रि-डिप्लोमा ईन सर्भे ईञ्जिनियरिङ्ग | २१. | प्रि-डिप्लोमा ईन अटोमोवाइल इन्जिनियरिङ्ग (एप्रेन्टिसिप) |
| १०. | प्रि-डिप्लोमा ईन कम्प्युटर ईञ्जिनियरिङ्ग | २२. | प्रि-डिप्लोमा ईन होटल म्यानेजमेण्ट (एप्रेन्टिसिप) |
| ११. | प्रि-डिप्लोमा ईन मेकानिकल इन्जिनियरिङ्ग | २३. | प्रि-डिप्लोमा ईन इन्फरमेसन टेक्नोलोजी (एप्रेन्टिसिप) |
| १२. | प्रि-डिप्लोमा ईन अटोमोवाइल इन्जिनियरिङ्ग | | |

(२) प्रि-डिप्लोमा तहको प्रवेश परीक्षामा समावेश हुनको लागि न्यूनतम शैक्षिक योग्यता यस प्रकार निर्धारण गरिएको छ ;

(क) अक्षराङ्कन पद्धति लागू हुनु पूर्वः **मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी. वा सो सरहको परीक्षा उत्तीर्ण**

(ख) अक्षराङ्कन पद्धति लागू भए पश्चातः **एस.ई.ई का सम्पूर्ण विषयको परीक्षामा समावेस भई न्यूनतम ई ग्रेड वा सो सरह अथवा ग्रेड सिट प्राप्त ।**

(३) दफा ३ को उपदफा १ को क.सं. १ देखि १८ सम्मका कार्यक्रमहरु कार्यगत तालीम सहित १८ महिना र क.सं. १९ देखि २३ सम्मका कार्यक्रमहरु २४ महिना अवधिका वा पाठ्यक्रमले तोके बमोजिमका हुनेछन् ।

### ४. प्रवेश परीक्षा सम्वन्धी व्यवस्था :

(क) प.नि.का.द्वारा सञ्चालित छात्रवृत्ति तथा पूर्ण शुल्कीय प्रवेश परीक्षालाई व्यवस्थित, मर्यादित तथा नियमानुसार सञ्चालन, अनुगमन, व्यवस्थापन र नतिजा प्रकाशन तथा छात्रवृत्ति प्रदान गर्ने/गराउने सम्बन्धी कार्य परीक्षा सम्बन्धी विनियमावली २०७१ को विनियम ४७ बमोजिम गठित प्रवेश परीक्षा संचालन, व्यवस्थापन तथा नतिजा प्रकाशन उप-समितिले गर्नेछ ।

(ख) दफा (क) बमोजिम गठित उपसमितिको काम, कर्तव्य र अधिकार परीक्षा सम्बन्धी विनियमावली २०७१ को विनियम ४७ तथा परीक्षा समितिले तोके बमोजिम हुनेछ ।

## ५. प्रवेश परीक्षाको सूचना :

यस निर्देशिकामा उल्लेखित शैक्षिक कार्यक्रमहरुमा प्रवेश परीक्षाबाट परीक्षार्थी छनौट गरी भर्ना गर्नका लागि प.नि.का.द्वारा प्रत्येक वर्ष गोरखापत्र राष्ट्रिय दैनिक पत्रिकामा आवेदन फाराम माग गर्ने व्यहोराको सार्वजनिक सूचना प्रकाशित गरिनेछ । नयां भर्नाको सूचना प्रकाशित भए पछि मात्र शिक्षालयहरुले आफ्नो स्वीकृत कार्यक्रमहरुको सम्वन्धमा राष्ट्रिय वा स्थानीय स्तरका प्रभावकारी सञ्चार माध्यमहरु (पत्र पत्रिका, रेडियो तथा सामाजिक सञ्जालहरु) बाट सूचना प्रवाह गर्नुपर्नेछ ।

## ६. आवेदन फाराम सम्बन्धी व्यवस्था

### (१) पुर्ण शुल्कीय आवेदन फाराम सम्बन्धी व्यवस्था

(क) पूर्ण शुल्कीय प्रवेश परीक्षाको आवेदन फारामहरु प.नि.का बाट प्रकाशित सूचना बमोजिमको मिति र समय भित्र अध्ययन गर्न चाहेको सम्बन्धित शिक्षालयमा आवेदन फाराम भरी दर्ता गराउनुपर्नेछ ।

(ख) दर्ता भएका आवेदन फारामहरु सम्बन्धित शिक्षालयले प.नि.का.बाट उपलब्ध गराइएको Web Based online Integrated Training Management System (ITMS) मा तोकिएको मिति र समयभित्र कोटा अनुसार Online application form Submit गर्नुपर्नेछ ।

(ग) Online Application Form Submit नभएका आवेदकलाई प्रवेश परीक्षामा समावेश गरिने छैन र सो को जवाफदेही सम्वन्धित शिक्षालयका प्राचार्यको हुनेछ । पूर्ण शुल्कीय प्रवेश परीक्षाको अनलाइन आवेदन भर्ने सम्बन्धी निर्देशन ***अनुसूची १*** मा दिइएको छ ।

(घ) पूर्ण शुल्कीय परीक्षा तर्फको प्रवेशपत्र सम्बन्धित शिक्षालयले प्रिन्ट गरी प्राचार्यले प्रमाणित गरी परीक्षार्थीहरुलाई बितरण गर्नुपर्नेछ ।

### (२) बर्गीकृत (निःशुल्क) छात्रबृत्ति आवेदन फाराम सम्बन्धी व्यवस्था

(क) वर्गीकृत (निशुल्क) छात्रवृत्तिको आवेदन फाराम परीक्षार्थी स्वयंले प.नि.का.बाट तोकिएको मिति र समय भित्र Online Application form भरी Submit गर्नु पर्नेछ । यसरी Online Application Form भर्दा आफुले अध्ययन गर्न चाहेको कार्यक्रम, शिक्षालय र प्रदेश स्पष्टसंग प्राथमिकिकरण गर्नुपर्नेछ ।

(ख) Online Application Form को साथमा आवेदन शुल्क, हालसालै खिचिएको पासपोर्ट साइज (35x45mm) को फोटो र तोकिए अनुसारका कागजात अनिवार्य अपलोड गर्नु पर्नेछ । वर्गीकृत (निःशुल्क) छात्रवृत्तिको अनलाइन आवेदन फाराम भर्ने सम्बन्धी निर्देशन ***अनुसूची २*** मा दिइएको छ ।

(ग) तोकिए अनुसारका शुल्क, फोटो र कागजात समावेश नभएका आवेदन फारामहरु स्वीकृत गरिने छैन ।

(घ) वर्गीकृत (निशुल्क) छात्रवृत्तिको आवेदन फाराम परीक्षार्थी स्वयम्ले Online मा प्रक्रिया पुरा गरी भर्नुपर्नेछ । प.नि.का. बाट स्वीकृत भएपछि तुरुन्त प्रवेशपत्र प्रिन्ट गर्न सकिनेछ । परीक्षार्थीले प्रवेश परीक्षामा सहभागी हुन आउंदा अनिवार्य रुपमा सक्कल प्रवेशपत्र साथमा लिई आउनु पर्नेछ ।

(ङ) प्रवेशपत्र बिना परीक्षार्थीलाई प्रवेश परीक्षामा समावेश गराइने छैन ।

(च) परीक्षार्थीहरुले भर्ना, रजिष्ट्रेशन गराउंदा प्रवेश पत्र आवश्यक पर्ने भएकाले सुरक्षित राख्नुपर्नेछ ।

## ७. प्रवेश परीक्षाको आवेदन फारामका किसिमहरु:

क) पूर्ण शूल्कीय (खुला) आवेदन फाराम,
ख) पूर्ण शूल्कीय (लक्षित वर्ग) आवेदन फाराम,
ग) वर्गीकृत (निःशुल्क) छात्रवृत्ति (साधारण र लक्षित वर्ग समूह) आवेदन फाराम ।

## ८.पूर्ण शुल्कीय खुला र लक्षित वर्ग कोटाको आवेदन फाराम साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरु:

क) स्पष्ट मुखाकृति देखिने हालसालै खिचिएको पासपोर्ट साइज (35x45mm) को २ प्रति फोटो ।
ख) न्यूनतम शैक्षिक योग्यता वा सो सरहको शैक्षिक प्रमाण पत्रको प्रमाणित प्रतिलिपि ।
ग) नागरिकता वा नावालिग वा जन्मदर्ताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।
घ) नेपाल बाहेक अन्य मुलुकबाट एस.एल.सी. वा सो सरहको परीक्षा उत्तीर्ण गर्नेको हकमा नेपाल सरकारले तोकेको निकायद्वारा समकक्षता निर्धारण गरिएको प्रमाणित प्रतिलिपि ।
ङ) पूर्ण शुल्कीय लक्षितवर्ग कोटामा आवेदन फाराम भर्नेहरुले माथि उल्लेख भए बाहेक आफू पर्ने लक्षित वर्ग खुल्ने दफा ९ मा उल्लेख भए बमोजिमका थप कागजातहरुको प्रमाणित प्रतिलिपि ।

च)आवेदन फाराममा पेश गर्नुपर्ने आवश्यक प्रमाणपत्रहरु अनिवार्य समावेश गर्नुपर्नेछ । आवश्यक प्रमाणपत्रहरु समावेश नगर्ने, सम्वन्धित बर्ग खुलेको कागजातहरु संलग्न नगर्ने, नक्कली कागजात पेश गर्ने परीक्षार्थीहरुको आवेदन फाराम स्वतः रद्ध हुनेछ ।

**९.वर्गीकृत (निःशुल्क) छात्रवृत्ति कोटाको आवेदन फाराम साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरुः**

यस छात्रवृत्तिका लागि परीक्षार्थी स्वयंले प.नि.का.बाट तोकिएको समयसीमा भित्र Online Application Form भर्नुपर्नेछ । तोकिएको सेवा प्रदायकबाट परीक्षा शुल्क Online माध्यमबाट बुझाउनु पर्नेछ ।

(क) नेपाली नागरीकता वा नावालिग वा जन्म दर्ता प्रमाणपत्रको सक्कलबाट Scan कपी ।

(ख) सरकारी वा सामुदायिक विद्यालय हो भनी क्रमशः सम्बन्धित जिल्लाको शिक्षा विकास तथा समन्वय इकाई वा सम्बन्धित विद्यालयले प्रमाणित गरेको पत्रको सक्कलबाट Scan कपी ।

(ग) दलितको हकमा सूचीकृत भएको अनुसूची ३ अनुसारका जातिहरुले सम्वन्धित पालिकाको पत्र र सूचीकृत भएको जाति भित्र एकभन्दा बढी थरहरु भएमा सम्वन्धित पालिकाको कार्यालयवाट दलित किटान गरिएको पत्रको सक्कलबाट Scan कपी ।

(घ) मधेशी/मुस्लिमको हकमा सम्वन्धित पालिका/जिल्ला प्रशासन कार्यालयले प्रमाणित गरिदिएको प्रमाणपत्रको सक्कलबाट Scan कपी ।

(ङ) आदिवासी जनजातिको हकमा नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन बमोजिम सूचीकृत भएको अनुसूची ४ अनुसारका जातिहरुले सम्वन्धित पालिकाको पत्र र सूचीकृत भएको जाति भित्र एकभन्दा बढी थरहरु भएमा सम्वन्धित पालिकाको कार्यालयवाट जनजाति प्रमाणित गरिएको आदिवासी जनजाति प्रमाणपत्रको सक्कलबाट Scan कपी ।

(च) खस आर्यको हकमा सम्वन्धित पालिका कार्यालयले प्रमाणित गरीदिएको प्रमाणपत्रको सक्कलबाट Scan कपी ।

(छ) थारुको हकमा सम्वन्धित पालिका कार्यालयले प्रमाणित गरीदिएको प्रमाणपत्रको सक्कलबाट Scan कपी ।

(ज) पिछडिएको दुर्गम क्षेत्रकाको हकमा अछाम, कालिकोट, जाजरकोट, जुम्ला, डोल्पा, बझाङ्ग, बाजुरा, मुगु र हुम्ला जिल्लाबाट नै न्यूनतम शैक्षिक योग्यता प्राप्त गरेको शैक्षिक योग्यता र स्थायी बसोबास गरेको सम्वन्धित पालिका कार्यालयले जारी गरेको प्रमाणपत्रको सक्कलबाट Scan कपी ।

(झ) बेपत्ता पारिएका व्यक्ति, सहिद परिवार, घाइते र निजको परिवारले विक्रम सम्वत २०६२/६३ को जनआन्दोलन, जनयुद्ध, मधेश आन्दोलन लगायत मुलुक भित्र भएका सवै आन्दोलनको क्रममा वेपत्ता पारिएका व्यक्ति तथा सहिद परिवार/जन-आन्दोलन घाइते परिवार/द्वन्द्वपीडित/विस्थापित हो भनी सम्बन्धित जिल्ला प्रशासन कार्यालयले प्रमाणित गरिदिएको प्रमाणपत्र र नाता प्रमाणपत्रको सक्कलबाट Scan कपी ।

(ञ) अपाङ्गको हकमा नेपाल सरकारको सम्वन्धित कार्यालयले जारी गरेको अपाङ्ग परिचयपत्रको सक्कलबाट Scan कपी ।

(ट) स्पष्ट मुखाकृति देखिने हालसालै खिचिएको पासपोर्ट साइज (35x45mm) को १ प्रति रंगीन फोटो ।

(ठ) न्यूनतम शैक्षिक योग्यता वा सो सरहको शैक्षिक प्रमाण पत्रको सक्कलबाट Scan कपी ।

(ड) Online आवेदन फाराममा पेश गर्नुपर्ने आवश्यक प्रमाणपत्रहरु अनिवार्य समावेश गर्नुपर्नेछ । आवश्यक शैक्षिक प्रमाणपत्रहरु, सम्वन्धित बर्ग खुलेको कागजातहरु समावेश नगर्ने र नक्कली कागजात पेश गर्ने परीक्षार्थीहरुको आवेदन फाराम स्वतः रद्ध हुनेछ ।

**१०. आवेदन फाराम भर्ने परीक्षार्थीले ध्यान दिनु पर्ने कुराहरुः**

(क) आवेदन फाराम भर्दा सबै कुरा स्पष्टसंग बुझेर मात्र भर्नु पर्दछ । फाराम भर्नका लागि आवश्यक सम्पूर्ण जानकारी यसै निर्देशिकामा समावेश गरिएको छ । थप जानकारी आवश्यक भएमा प.नि.का., सम्वन्धित प्रदेश कार्यालय वा परिषद्ले तोकेको फाराम बुझाउने शिक्षालयमा सम्पर्क राख्नु पर्नेछ ।

(ख) पूर्ण शुल्कीय तर्फ आवेदन फारामसाथ पेश गर्नुपर्ने आवश्यक कागजातहरु परीक्षार्थी स्वयंले प्रमाणित गरी सूची बनाई पेश गर्नुपर्नेछ । उक्त संलग्न कागजातहरुको सूची सम्बन्धित शिक्षालयका प्राचार्य/प्रमुखबाट प्रमाणित गराइ राख्नुपर्नेछ ।

(ग) परीक्षार्थीले प्रवेश परीक्षाको उत्तरपुस्तिकामा उल्लेखित निर्देशनलाई पूर्ण रुपमा पालना गर्नुपर्नेछ ।

(घ) प्रवेश परीक्षामा नक्कली कागजपत्रहरु पेश गरी वा नक्कली परीक्षार्थी बनी परीक्षा दिइएको पाइएमा त्यस्ता परीक्षार्थीलाई र नक्कली परीक्षार्थी बनी परीक्षा दिने व्यक्तिलाई प्रचलित कानून बमोजिम कार्वाहीका लागि सम्बन्धित निकायमा सिफारिस गरिनेछ र त्यस्ता परीक्षार्थीलाई परिषद्बाट संचालन हुने कुनै पनि किसिमको परीक्षामा ५ वर्ष सम्म समावेश गराइने छैन ।

# परिच्छेद ३

## छनोटका आधार तथा कोटा सम्बन्धी व्यवस्था

**११. छनोटको आधार :**

(क) दफा ३ (२) (क), (ख) र (ग) बमोजिमको योग्यता पुगेका परीक्षार्थीहरुलाई तपसिल अनुसारको अंक प्रदान गरिनेछ ।

| एस.ई.ई. परीक्षा | | एस.एल.सी. परीक्षा | |
|---|---|---|---|
| प्राप्त ग्रेड प्वाइन्ट | शैक्षिक योग्यता वापत प्रदान गरिने अंक | प्राप्ताङ्क प्रतिशत | शैक्षिक योग्यता वापत प्रदान गरिने अंक |
| ३.२ देखि ४.० | ३० | ७० देखि माथी | ३० |
| २.४ देखि ३.१९ | २७ | ५० देखि ६९.९९ | २७ |
| शुरु देखि २.३९ | २४ | ५० भन्दा कम | २४ |

(ख) प्रवेश परीक्षामा प्राप्त अंक र दफा ११ (क) बमोजिम शैक्षिक योग्यता वापतको अंकको योगफल अनुसार परीक्षार्थीको योग्यताक्रम सूची निर्धारण गरिनेछ ।

(ग) प्रवेश परीक्षा उत्तीर्ण हुनको लागि प्रवेश परीक्षामा प्राप्त अंक र दफा ११ (क) बमोजिम शैक्षिक योग्यता वापतको अंक गरी कम्तीमा ३५ अंक प्राप्त गरेको हुनुपर्नेछ ।

(घ) योग्यताक्रमको प्राप्ताङ्क बराबर भएका दुई भन्दा बढी आवेदकको हकमा प्राप्ताङ्कको दशमलव पछिको दुईभन्दा बढी अङ्क गणना गरी त्यसमा जसको अङ्क बढी हुन्छ उसको नाम प्रकाशित गरिनेछ ।

(ङ) दशमलव पछिको दुईभन्दा बढी अङ्क गणना गर्दा पनि अंक बराबर भएमा एस.एल.सी. ⁄ एस.ई.ई. परीक्षामा प्राप्त गरेको अंकलाई आधार मानी नतिजा प्रकाशित गरिनेछ ।

(च) एस.एल.सी. ⁄ एस.ई.ई. को नतिजा पनि बराबर भएमा एस.एल.सी. ⁄ एस.ई.ई. परीक्षाको क्रमशः अनिवार्य गणित, विज्ञान र अंग्रेजीको प्राप्तांकलाई आधार मानी नतिजा प्रकाशित गरिनेछ ।

(छ) दफा ११ (च) अनुसार पनि अंक बराबर भएमा सरकारी वा समुदायिक बिद्यालयबाट एस.एल.सी. ⁄ एस.ई.ई.उत्तीर्णलाई आधार मानी नतिजा प्रकाशन गरिनेछ ।

(ज) दफा ११ (छ) अनुसार पनि अंक बराबर भएमा जन्म मितिलाई आधार मानी बढी उमेर भएकालाई प्राथमिकता दिइनेछ ।

(झ) अक्षराङ्कन पद्धतीको नतिजामा तोकिएको जि.पि.ए.लाई प्रतिशत निर्धारण गर्दा निम्न बमोजिम गरिनेछ ।

GPA × 23.75 = %

**१२. कोटाहरुको व्यवस्था :**

परिषद्‌बाट कार्यक्रम संचालन स्वीकृत प्राप्त आंगिक, साझेदारी, सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा (TECS) र निजी स्तरमा संचालित शिक्षालयहरुमा पूर्ण शुल्कीय र छात्रवृत्ति कोटाहरुको व्यवस्था गरिएको छ ।

**१३. पूर्ण शुल्कीय कोटाः**

तोकिए बमोजिमको शुल्क तिरी अध्ययन गर्ने देहायका कोटाहरु पूर्ण शुल्कीय कोटामा पर्दछन् ।

**क. पूर्ण शुल्कीय खुल्ला कोटा :** छात्रवृत्ति कोटा र आरक्षित कोटाहरु बाहेकका कोटाहरु पूर्ण शुल्कीय खुला कोटा अन्तर्गत रहनेछन । शिक्षालयले प्रायोजित कोटा निर्धारण गर्न पाउने छैन ।

**ख. पूर्ण शुल्कीय आरक्षित कोटा** : पूर्ण शुल्कीय आरक्षित कोटा अन्तर्गत शुल्क तिरी अध्ययन गर्ने आरक्षण गरिएका देहायका कोटाहरु पर्दछन् ।

(अ) **परिषद् कर्मचारी/प्रशिक्षक वा परिवार आरक्षण कोटा :** परिषद्का प्रत्येक आंगिक, साझेदारी शिक्षालयमा प्रत्येक कार्यक्रममा १ सिट परिषद्का कर्मचारी/प्रशिक्षक तथा निजको परिवारलाई कोटा निर्धारण गरिने छ । यस कोटामा आवेदन फाराम भर्ने परिषद् सेवामा कार्यरत कर्मचारी/प्रशिक्षकले परिषद् प्रदेश कार्यालयले सिफारिस गरिएको सक्कल पत्र पेश गर्नु पर्नेछ । यसरी निर्धारण गरिएको कोटामा परीक्षार्थी छनौट गर्दा सोही समूह बीच प्रतिस्पर्धा गराई छनौट गरिनेछ ।

कर्मचारी परिवार कोटा रिक्त हुन गएको अवस्थामा उक्त रिक्त हुन गएको कोटामा परिषद्को करार सेवामा कम्तिमा ३ (तीन) वर्ष सेवा अवधि पूरा गरेका व्यक्तिका परिवारले कर्मचारी परिवार कोटामा अध्ययनका लागि प्रतिस्पर्धा गर्न सक्नेछन् ।

(आ) **पूर्ण शुल्कीय लक्षित वर्ग कोटा :** अपाङ्ग, पिछडिएको दुर्गम क्षेत्र, दलित, महिला, आदिवासी-जनजाति, मुस्लिम, मधेशी र जनआन्दोलन/जनयुद्ध/मधेश आन्दोलनका/द्वन्द्व पिडित/विस्थापित/बेपत्ता/सहिद परिवार/घाइते वा निजको सन्ततीहरुको लक्षित वर्ग समूहको लागि १०% को संख्यामा पूर्ण शुल्कीय लक्षित वर्ग कोटा निर्धारण गरिएको छ ।

(क) यस लक्षित वर्गमा सामुदायिक, सरकारी वा निजी विद्यालयहरुमा अध्ययन गरेका परीक्षार्थीहरु सहभागी हुन पाउनेछन् ।

(ख) यस कोटामा परीक्षार्थी छनौट गर्दा उल्लेखित सबै लक्षित वर्गहरु बीच प्रतिष्पर्धा गराई प्रवेश परीक्षाको योग्यताक्रमको आधारमा छनौट गरिनेछ ।

(ग) पूर्ण शुल्कीय लक्षित बर्ग कोटामा फाराम भरेका परीक्षार्थी पूर्ण शुल्कीय खुला कोटामा स्वत आवेदक हुनेछ ।

(इ) आरक्षण गरिएका कोटाहरुमा आवेदन नपरेमा स्वत: पूर्ण शुल्कीय खुल्ला कोटामा कायम हुनेछ ।

## १४. छात्रवृत्ति कोटाः

परिषद्का आंगिक, सामुदायिक, साझेदार तथा निजी स्तरमा संचालित शिक्षालयहरुमा प्रि-डिप्लोमा तहमा भर्ना हुने विद्यार्थीहरुको संख्या जतिसुकै भएतापनि प्रत्येक शैक्षिक कार्यक्रममा नेपाली नागरिकलाई देहाय बमोजिम संख्यामा छात्रवृत्ति कोटा प्रदान गरिनेछ ।

**<u>तपसिल</u>**

| क्र.सं. | छात्रवृत्तिको विवरण | प्रत्येक ४० स्वीकृत कोटाको शैक्षिक कार्यक्रममा |
|---|---|---|
| १. | वर्गीकृत (निःशुल्क) | ३ |
| २. | जेहेन्दार | १ |

(क) यदि कुनै तोकिएको कार्यक्रमको अध्यापन कार्य संचालन नहुने अवस्था आइपरेमा यस बमोजिमको छात्रवृत्ति प्रदान गरिने छैन ।

(ख) छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीले परीक्षाको मर्यादा विपरीत वा प्रचलित कानून बिपरित काम गरेको ठहर भएमा छात्रवृत्तिको सुविधा स्वतः खारेज हुनेछ ।

(ग) परिषद्बाट छात्रवृत्ति प्राप्त गरी अध्ययन गर्ने विद्यार्थीले अध्ययन पश्चात नेपाल सरकारले चाहेमा खटाएको स्थानमा गई तोकिएको समयसम्म सेवा गर्नु पर्नेछ । सो का लागि आवेदन फाराममा उल्लेखित कबुलियतनामा गर्नुपर्नेछ ।

(घ) कुनै पनि परीक्षार्थीले यस निर्देशिका बमोजिमको शैक्षिक कार्यक्रम अध्ययनका लागि परिषद् वा अन्य सरकारी निकायबाट उपलब्ध गराइने छात्रवृत्तिहरु मध्ये निजले रोजेको एउटा मात्र छात्रवृत्ति प्राप्त गर्नेछ ।

(ङ) छात्रवृत्ति पाउने मनसायले नक्कली कागजपत्रहरु पेश गरी छात्रवृत्ति पाएको ठहर भएमा जुनसुकै अवस्थामा प.नि.का. ले रजिष्ट्रेशन खारेज गरी निज उपर प्रचलित कानून बमोजिम कार्वाहीका लागि सिफारिस गर्नेछ । त्यस्ता परीक्षार्थीलाई परिषद्बाट संचालन हुने कुनै पनि किसिमको परीक्षामा ५ वर्ष सम्म समावेश गराइने छैन ।

(च) छात्रवृत्तिको प्रवेश परीक्षाको योग्यताक्रम सूचीमा रहेका परीक्षार्थी पूर्ण शुल्कीय कोटामा भर्ना भई रजिष्ट्रेशन कायम भए पश्चात छात्रवृत्ति कोटा रिक्त रहेता पनि छात्रवृत्तिमा स्थानान्तरण गरिने छैन ।

(छ) छात्रवृत्तिमा सिफारिस भई भर्ना भएका परीक्षार्थीहरु संग प्रशिक्षण, प्रयोगात्मक, रजिष्ट्रेशन, नियमित परीक्षा आवेदन, पुस्तकालय, प्रयोगात्मक स्थलसम्मको यातायात शुल्क लगायतका कुनै पनि शुल्क लिन पाइने छैन । तर अध्ययन अवधिभर खान बस्न, पोशाक र आवश्यक स्टेशनरीको व्यवस्था परीक्षार्थी आफैंले गर्नुपर्ने छ ।

## १५.वर्गीकृत (नि:शुल्क) छात्रवृत्ति वितरण

**(क)** नेपालको सरकारी वा सामुदायिक विद्यालयबाट प्रवेशिका परीक्षा, एस.ई.ई. वा सो सरह उत्तीर्ण गरेका दफा ३ अनुसारको न्यूनतम योग्यता पुगेका नेपाली नागरिकलाई दफा १५ (क) अनुसार निर्धारित कुल संख्यालाई १०० प्रतिशत कायम गरि उक्त संख्यालाई ५०-५० प्रतिशतमा साधारण र लक्षित वर्ग गरी दुई समूहमा विभाजन गरी दफा १५को (ख) र (ग) मा उल्लेख भए बमोजिमको संख्यामा नि:शुल्क छात्रवृत्ति प्रदान गरिनेछ ।

**(ख) साधारण समूह :** साधारण समूहको लागि कायम गरिएको सिट संख्यालाई सत प्रतिशत कायम गरी योग्यता पुगेका नेपाली नागरिकहरुलाई नि:शुल्क (वर्गीकृत) छात्रवृत्ति प्रदान गरीनेछ ।

**(ग) लक्षित वर्ग समूह :** तोकिए बमोजिमको योग्यता पुगेका तपसिलका लक्षित वर्गका नेपाली नागरिकहरुलाई उल्लेख भए बमोजिमको प्रतिशतलाई सत प्रतिशत कायम गरी निम्न बमोजिमको आरक्षित गरिएको प्रतिशतमा कार्यक्रम अनुसारको सिट संख्यामा नि:शुल्क (वर्गीकृत) छात्रवृत्ति प्रदान गरिनेछ ।

| **क्र.सं.** | **लक्षित वर्ग** | | **आरक्षित प्रतिशत** |
|---|---|---|---|
| १. | **महिला** | **२८** | **३३** |
| | क. दलित समुदायका महिला | ३ | |
| | ख. मुस्लिम समुदायका महिला | २ | |
| २. | दलित | | ९ |
| ३. | आदिवासी जनजाति | | १५ |
| ४. | खस आर्य | | १७ |
| ५. | **मधेशी** | ९ | १२ |
| | क. मधेशी दलित | ३ | |
| ६. | थारु | | ४ |
| ७. | मुस्लिम | | २ |
| ८. | पिछडिएको क्षेत्रका व्यक्ति | | ४ |
| ९. | अपाङ्गता भएको व्यक्ति | | २ |
| १०. | सहिदका परिवार, बेपत्ता पारिएका व्यक्तिका परिवार, घाइते योद्धाहरुको परिवार र द्वन्द्व पीडित | | २ |

दफा १५ (ग) १ बमोजिम दलित समुदायका महिला र मुस्लिम समुदायका महिला स्वत: अन्य महिला कोटाको लागि आवेदक हुनेछन् । साथै दलित समुदायका महिला र मुस्लिम समुदायका महिलाका लागि छुट्याइएको सिटमा सम्वन्धित समुदायका महिला उपलब्ध नभएमा त्यस्तो सिटमा अन्य समुदायका महिलालाई छनौट गरिनेछ ।

दफा १५ (ग) ५ को क. बमोजिम मधेशी दलित स्वत: मधेशी समुदायको कोटाको आवेदक हुनेछन् । साथै मधेशी दलित समुदायको लागि छुट्याइएको सिटमा सम्वन्धित समुदायका व्यक्ति उपलब्ध नभएमा त्यस्तो सिटमा मधेशी समुदायका अन्य व्यक्तिलाई छनौट गरिनेछ ।

दफा १५ (ग) को लक्षित बर्गको उप बर्गमा रहेका १ को क, ख र ५ को क उप बर्गमा रहेका आवेदकहरु आफ्नो छुट्याइएको बर्गको अतिरिक्त दफा १५ (ग) को १ र ५ मा समेत आवेदक हुने भएकाले सोही अनुसार नतिजा प्रकाशन गर्नुपर्नेछ ।

**(स्पष्टीकरण:** साधारण समूह भित्र वर्गीकृत (नि:शुल्क) छात्रवृत्तिका लागि आवेदन दिई स्वीकृत सम्पुर्ण आवेदक पर्दछन् । महिला परीक्षार्थीहरुले आवेदन फाराममा महिला वर्ग भनी उल्लेख गर्न छुट भए तापनि निजहरुलाई सोहि वर्गको मानी आरक्षित प्रतिशतमा प्रतिस्पर्धा गराइनेछ । कायम हुन आउने कोटा संख्यालाई लक्षित वर्गको प्रतिशत बमोजिम भाग लगाउँदा सबै लक्षित वर्गमा भाग नपुग्ने अवस्था आएमा दफा १५ (ग) मा उल्लेखित लक्षित वर्गलाई तोकिएको प्रतिशत मध्ये क्रमश: बढी प्रतिशतबाट भाग लगाई कोटा निर्धारण गर्नुपर्नेछ । लक्षित वर्ग समूह भित्रका उप समूहको प्रतिशत बराबर भएको अवस्थामा क्रमश: माथिबाट कोटा निर्धारण गर्नुपर्नेछ ।

(घ) यस अघि शिक्षालय संचालक समितिको निर्णयानुसार स्वीकृत सम्पूर्ण सिटहरुमा कोटा निर्धारण गरिसकेका शिक्षालयहरुले समेत अनिवार्य रुपमा यो निर्देशिका बमोजिमको वर्गीकृत (निःशुल्क) छात्रवृत्ति कोटा निर्धारण गर्नु पर्नेछ ।

**१६. जेहेन्दार (Merit) छात्रवृत्ति (पूर्ण शुल्कीय कोटाहरु मध्येबाट)**

(क) परिषद्का प्रत्येक आंगिक, साझेदारी, सामुदायिक विद्यालय र निजीस्तरमा सञ्चालित शिक्षण संस्थामा परीक्षार्थी भर्नाका लागि सञ्चालन गरिने प्रवेश परीक्षामा प्रत्येक कार्यक्रमको पूर्ण शुल्कीय कोटाहरु मध्येबाट प्रथम पटक संचालित प्रवेश परीक्षाको योग्यताक्रम सूचीको उच्चतम अङ्क प्राप्त गर्ने एक जना परीक्षार्थीलाई जेहेन्दार छात्रवृत्ति प्रदान गरिनेछ । पुनः प्रवेश परीक्षाबाट वा अन्य कार्यक्रम वा शिक्षालयबाट भर्ना हुन आएका परीक्षार्थीहरुले उच्चतम अंक प्राप्त गरेको भएतापनि जेहेन्दार छात्रवृत्ति प्रदान गरिने छैन ।

(ख) जेहेन्दार छात्रवृत्तिका लागि प्रत्येक शिक्षालयको प्रत्येक कार्यक्रममा पूर्ण शुल्कीय तर्फ आवेदन फाराम भर्ने परीक्षार्थीहरु बीच मात्र प्रतिस्पर्धा हुनेछ ।

(ग) यो छात्रवृत्तिमा छनौट भई सिफारिस भएका परीक्षार्थीहरु कुनै कारणवश भर्ना हुन नगएमा वा भर्ना भई रजिष्ट्रेशन गर्ने समय अगावै अध्ययन गर्न छाडेमा तत्पश्चातको उच्चतम अंक प्राप्त गर्ने अर्को परीक्षार्थीलाई सोछात्रवृत्ति प्रदान गर्नुपर्नेछ । रजिष्ट्रेशन कायम भैसकेपछि यो छात्रवृत्ति पाएका विद्यार्थीले बीचमा अध्ययन छाडेमा अर्को विद्यार्थीलाई छात्रवृत्ति प्रदान गरिने छैन ।

(घ) छात्रवृत्ति प्राप्त गरेका प्रशिक्षार्थीसँग शिक्षालयले खाने बस्ने बाहेक अन्य कुनै पनि शुल्क लिन पाउने छैन ।

(ङ) यस छात्रवृत्तिमा सिफारिस भएको परीक्षार्थी यसै निर्देशिका बमोजिम सोही शिक्षालयमा वर्गीकृत (निःशुल्क) छात्रवृत्तिमा सिफारिस भएको पाइएमा निजलाई वर्गीकृत (निःशुल्क) छात्रवृत्ति नै कायम गरी तत् पश्चातको उच्चतम अंक प्राप्त गर्ने परीक्षार्थीलाई सम्बन्धित शिक्षालयले जेहेन्दार छात्रवृत्ति उपलब्ध गराई सो को जानकारी परिषद्, प्रदेश कार्यालय र प.नि.का. लाई गराउनु पर्नेछ

## परिच्छेद ४

## प्रवेश परीक्षा सञ्चालन तथा नतिजा प्रकाशन सम्वन्धी व्यवस्था

**१७. प्रवेश परीक्षाको संरचना :**

(क) पूर्ण शुल्किय तथा वर्गीकृत निशुल्क छात्रबृत्ति परीक्षाको लागि प्रश्नपत्र निर्माण गर्दा एस.ई.ई. परीक्षाको पाठ्यक्रमको आधारमा अनिवार्य अंग्रेजी-२०, गणित-२५ र विज्ञान-२५ गरी जम्मा ७० वटा वस्तुगत बहु-उत्तर प्रश्न सोधिनेछ र लिखित परीक्षाको जम्मा पूर्णाङ्क ७० हुनेछ ।

(ख) प्रत्येक सही उत्तरको लागि १ अंक प्रदान गरी ७० पूर्णाङ्कमा उत्तर पुस्तिका परीक्षण गरिनेछ ।
प्रश्नपत्रको नमूना ***अनुसूची ५*** मा दिए वमोजिम हुनेछ ।

(ग) परीक्षाको समय जम्मा १ घण्टा ४५ मिनेट हुनेछ ।

(घ) प्रवेश परीक्षाको उत्तर पुस्तिकाको परीक्षण विधि प.नि.का.ले तोके बमोजिम हुनेछ ।

(ङ) यस निर्देशिका बमोजिम संचालन हुने वर्गीकृत (निःशुल्क) छात्रवृत्ति र पूर्ण शुल्कीय प्रवेश परीक्षा छुट्टा-छुट्टै संचालन गरी नतिजा प्रकाशन गरिनेछ । पूर्ण शुल्कीय प्रवेश परीक्षा आवेदनको चापको आधारमा आवश्यक परेमा फरक फरक सिफ्ट र मितिमा संचालन गर्न सकिनेछ ।

**१८. पूर्ण शुल्कीय तर्फका सम्पूर्ण कार्यक्रमहरुको प्रवेश परीक्षा संचालन तथा नतिजा प्रकाशन उप समितिको गठन**

प्रि-डिप्लोमा तहको पूर्ण शुल्कीयका सम्पूर्ण कार्यक्रमहरुको प्रवेश परीक्षा संचालन, व्यवस्थापन तथा नतिजा प्रकाशन गर्न सम्वन्धित शिक्षालयमा देहाय बमोजिमको उप-समिति रहनेछ ।

| | |
|---|---|
| (क) सम्वन्धित शिक्षालयका प्राचार्य | -संयोजक |
| (ख) सम्वन्धित पालिकाको शिक्षा हेर्ने महाशाखा/शाखा प्रमुख वा निजले तोकेको अधिकृत स्तरको कर्मचारी प्रतिनिधि | -सदस्य |
| (ग) सम्वन्धित शिक्षालय संचालक समितिले तोकेको प्रशिक्षक वा कर्मचारी | -सदस्य सचिव |

**१९. प्रवेश परीक्षा संचालन तथा नतिजा प्रकाशन उप समितिको काम, कर्तव्य र अधिकार :**

(क) कागजपत्रहरु रुजु लगायतका सम्पूर्ण कार्यहरु गर्ने ।

(ख) प्रवेश परीक्षा संचालन, उत्तर पुस्तिका परीक्षण, नतिजा तयारी, योग्यताक्रम निर्धारण गर्ने ।

(ग) तोकिएका कोटा अनुसार ***अनुसूची ६*** बमोजिमको ढांचामा नतिजा प्रकाशन गरी भर्नाको लागि सिफारिस गर्ने ।

(घ) संयोजकले आवश्यकतानुसार आफू मातहतका प्रशिक्षक तथा कर्मचारीहरुलाई प्रवेश परीक्षा सम्वन्धी काममा खटाउन सक्नेछ ।

(ङ) सरोकारवालाहरुबाट प्रवेश परीक्षाका बिषयमा कुनै जानकारी, दावी, बिरोध, उजुरी वा नेपाल सरकारका न्यायिक, अर्द्धन्यायिक निकायहरुबाट सोधपुछ वा छानविनका लागि लेखी आएमा छानविन गरी अन्तिम टुंगो लगाई सम्वन्धित निकायलाई जवाफ पठाउने ।

नोट :

अ) परिषद् प्रदेश कार्यालयमा गठित प्रवेश परीक्षा संचालन, व्यवस्थापन तथा नतिजा प्रकाशन उप-समितिले नतिजा प्रकाशन सम्वन्धी कार्य गर्न मितव्ययी रुपमा कार्यटोली गठन गर्न सक्नेछ ।

आ) नतिजा प्रकाशन गर्ने कार्य सम्पन्न गरी प्रतिवेदन बुझाए पश्चात उप-समिति/कार्यटोलीका संयोजक/सदस्यहरुले परीक्षा सम्वन्धी विनियमावली, २०७१ को विनियम ४८ (१) बमोजिमको पारिश्रमिक पाउनेछ ।

## २०. पूर्ण शुल्कीय तर्फको सम्पूर्ण कार्यक्रमहरुको प्रवेश परीक्षा संचालन तथा नतिजा प्रकाशन सम्वन्धी व्यवस्था

(क) पूर्ण शुल्कीय तर्फको सम्पूर्ण कार्यक्रमहरुको प्रवेश परीक्षा प.नि.का.ले तोकेको मिति र समयमा सम्बन्धित शिक्षालयमा संचालन हुनेछ ।

(ख) सम्वन्धित शिक्षालयमा गठित उप समितिले अनुसूची ५ को ढांचामा नमूना प्रश्नपत्रको ढांचा अनुसार गोपनियतापुर्वक प्रश्नपत्र निर्माण, परीक्षा संचालन, उत्तरपुस्तिका परीक्षण, नतिजा प्रकाशन तथा योग्यताक्रमानुसार भर्नाको लागि सिफारिस गर्ने सम्पूर्ण अधिकार तथा जिम्मेवारी सम्बन्धित शिक्षालयमा रहेको दफा १८ अनुसार गठित उप समितिको हुनेछ ।

(ग) प्रथम पटक संचालित प्रवेश परीक्षा तथा भर्ना प्रक्रिया अनुसार सिट रिक्त रहेमा पुनः प्रवेश परीक्षाको लागि सूचना प्रकाशन गरी भर्ना प्रक्रिया गर्ने सम्पूर्ण अधिकार तथा जिम्मेवारी सम्बन्धित शिक्षालयमा रहेको उप समितिको हुनेछ ।

(घ) पूनः प्रवेश परीक्षाको परीक्षार्थीहरुको आवेदन फाराम ITMS Online मा Entry गर्नुपर्नेछ । सो Entry भर्नाका लागि तोकिएको म्याद भित्रको विहिवार प.नि.का.बाट Approval गरिनेछ र आवेदन फाराम बापतको शुल्क सो को भोलीपल्ट सम्वन्धित परिषद् प्रदेश कार्यालयको तोकिएको बैंक खातामा दाखिला गरी सो बैंक भौचर ITMS Online मार्फत Upload गरी प्रदेश कार्यालयबाट Approval गराउनु पर्नेछ ।

(ङ) पुनः प्रवेश परीक्षा संचालनको लागि प्रकाशित सूचना अनुसार पर्न आएका सम्पूर्ण आवेदकहरुको आवेदन परीक्षा संचालन हुनु भन्दा अगावै अनिवार्य रुपमा online entry गर्नु पर्नेछ ।

(च) पुनः प्रवेश परीक्षा संचालनको लागि प्रश्नपत्र निर्माण, परीक्षा संचालन, उत्तर पुस्तिका परीक्षण, नतिजा प्रकाशन तथा योग्यताक्रमानुसार भर्नाको लागि सिफारिस गर्ने सम्पूर्ण अधिकार तथा जिम्मेवारी उक्त उप समितिको हुनेछ ।

(छ) योग्यताक्रमानुसार भर्नाको लागि सिफारिस गरिएको नतिजा सूची प्रभावकारी सञ्चार माध्यमबाट सार्वजनिक गर्नु पर्नेछ र उक्त सूची नतिजा प्रकाशन भएकै दिन इमेल मार्फत सम्बन्धित प्रदेश कार्यालयमा अनिवार्य रुपमा पठाउनु पर्नेछ ।

(ज) अनलाइनमा प्रविष्टी नभएका तथा प्रवेश परीक्षा नदिएका परीक्षार्थी भर्ना गर्न पाइने छैन र त्यस्ता परीक्षार्थीको रजिष्ट्रेशन हुने छैन ।

(झ) प.नि.का.ले रजिष्ट्रेशनको आवेदन फाराम भर्ने सूचना प्रकाशित गरेपछि शिक्षालयले कोटा रिक्त भएता पनि भर्ना सम्वन्धी कुनै पनि प्रक्रिया गर्न पाउने छैन ।

(ञ) प्रवेश परीक्षा तथा पुनः प्रवेश परीक्षाको उत्तरपुस्तिका र नतिजा प्रकाशन सम्वन्धी कागजातहरु बिद्यार्थीको रजिष्ट्रेशन कायम भएको मितिले ६ महिनासम्म शिक्षालयका प्राचार्य जिम्मेवार हुने गरी शिलवन्दी गरी सुरक्षित राख्नुपर्नेछ । उक्त कागजातहरु प.नि.का र परिषद्, प्रदेश कार्यालयबाट माग भई आएमा जुनसुकै बखत उपलब्ध गराउनुपर्नेछ ।

## २१. वर्गीकृत (निःशुल्क) छात्रवृत्तिका सम्पूर्ण कार्यक्रमहरुको प्रवेश परीक्षा संचालन एवं नतिजा प्रकाशन उप समिति

प्रि-डिप्लोमा तहको वर्गीकृत (निःशुल्क) छात्रबवृत्ति तर्फका सम्पूर्ण कार्यक्रमहरुको प्रवेश परीक्षा संचालन, व्यवस्थापन तथा नतिजा प्रकाशन गर्न परिषद्को प्रदेश कार्यालयमा देहाय बमोजिमको उप-समिति रहनेछ ।

| | |
|---|---|
| (क) परिषद्को प्रदेश निर्देशक | -संयोजक |
| (ख) सम्वन्धित प्रदेशको शिक्षा हेर्ने, मन्त्रालयले तोकेको अधिकृत स्तरको कर्मचारी प्रतिनिधि | -सदस्य |
| (ग) सम्वन्धित प्रदेशका निर्देशकले तोकेको अधिकृतको स्तरको कर्मचारी | -सदस्य सचिव |

नोट :

अ) परिषद् प्रदेश कार्यालयमा गठित प्रवेश परीक्षा संचालन, व्यवस्थापन तथा नतिजा प्रकाशन उप-समितिले नतिजा प्रकाशन सम्वन्धी कार्य गर्न मितव्ययी रुपमा कार्यटोली गठन गर्न सक्नेछ ।

आ) नतिजा प्रकाशन गर्ने कार्य सम्पन्न गरी प्रतिवेदन बुझाए पश्चात उप-समिति/कार्यटोलीका संयोजक/सदस्यहरुले परीक्षा सम्वन्धी विनियमावली, २०७१ को विनियम ४८ (१) बमोजिमको पारिश्रमिक पाउनेछन ।

**२२. वर्गीकृत (निःशुल्क) छात्रवृत्तिका सम्पूर्ण कार्यक्रमहरुको प्रवेश परीक्षा संचालन तथा नतिजा प्रकाशन सम्वन्धी व्यवस्था**

(क) साधारण समूहको नतिजा प्रकाशन गर्दा साधारण समूह वा लक्षित वर्ग समूहमा Online Application फाराम भरी प्रवेश परीक्षा दिएका परीक्षार्थीहरु बीच इच्छाइएको कार्यक्रम अनुसार नै प्रदेश स्तरमा प्रतिस्पर्धा गराईनेछ ।

(ख) वर्गीकृत (निःशुल्क) छात्रवृत्ति तर्फको सम्पूर्ण कार्यक्रमहरुको प्रवेश परीक्षा प.नि.का.ले तोकेको मिति, समय र परीक्षा केन्द्रमा परीक्षा संचालन हुनेछ ।

(ग) वर्गीकृत (निःशुल्क) छात्रवृत्ति तर्फको प्रवेश परीक्षा संचालनका लागि प.नि.का.प्रश्नपत्र पठाउनेछ ।

(घ) वर्गीकृत (निःशुल्क) छात्रवृत्ति तर्फको प्रवेश परीक्षाको नतिजा प्रकाशन र भर्ना सिफारिस दफा २१ बमोजिमको उप समितिले गर्नेछ ।

(ङ) लक्षित वर्गका आवेदकहरु साधारण समूहमा स्वतः आवेदक हुनेछन् । योग्यताक्रम सूची अनुसार क्रमशः उच्चतम अंक प्राप्त गर्ने परीक्षार्थीहरुलाई निजले निवेदनमा प्राथमिकीकरण गरेको शिक्षालयमा छात्रवृत्तिका लागि सिफारिस गरिनेछ । परीक्षार्थीले प्राथमिकीकरण गरेको शिक्षालयमा कोटा पुरा हुन गएमा अन्य शिक्षालयमा छात्रवृत्तिका लागि सिफारिस गरिनेछ ।

(च) वर्गीकृत (निःशुल्क) छात्रवृत्ति, लक्षित वर्ग समूहको छनौट तथा सिफारिसको प्रक्रिया देहाय बमोजिम हुनेछ ।

(अ) लक्षित वर्ग समूहको नतिजा प्रकाशन गर्दा एक वा सो भन्दा बढि लक्षित वर्गमा आवेदन फाराम भरी प्रवेश परीक्षा दिने परीक्षार्थीहरु बिच दफा १५(ग) को क्र.सं. १ देखि १० सम्म क्रमानुसारका लक्षित वर्गलाई कार्यक्रम अनुसार प्रत्येक वर्गमा प्रतिस्पर्धा गराई योग्यताक्रम अनुसार क्रमशः उच्चतम अंक प्राप्त गर्ने मुख्य तथा योग्यताक्रम सूचीमा रहेका परीक्षार्थीहरुको योग्यताकमको आधारमा शिक्षालयहरुमा छात्रवृत्तिका लागि सिफारिस गरिनेछ ।

(आ) यसरी प्रतिस्पर्धा गराउँदा कुनै लक्षित वर्गको कोटा रिक्त रहन आएमा दफा १५ (ग) को अन्य लक्षित वर्ग समूहका परीक्षार्थीहरु मध्येबाट उच्चतम अंक प्राप्त गर्ने परीक्षार्थीलाई योग्यताकमानुसार सिफारिस गरी नामावली प्रकाशित गरिनेछ ।

(इ)सम्बन्धित कार्यक्रमको सम्बन्धित वर्गका उत्तीर्ण सूचीमा परीक्षार्थीहरु नभएको अवस्थामा गोरखापत्रमा सूचना प्रकाशित गरी अन्य कार्यक्रमको लागि प्रवेश परीक्षाको नतिजामा उत्तीर्ण सूचीमा रहेका र न्यूनतम शैक्षिक योग्यता पुगेका परीक्षार्थीहरुले रिक्त कार्यक्रममा अध्ययनका लागि परिषद्का प्रदेश कार्यालयहरुमा निवेदन दर्ता गराएका परीक्षार्थी मध्येबाट योग्यताक्रमानुसार छनौट गरी भर्नाका लागि सिफारिश गरिनेछ ।

(ई) रिक्त सिटहरुको विवरण परिषद्को प्रदेश कार्यालयमा प्राप्त भए पछि जुन शैक्षिक कार्यक्रम र लक्षित वर्गको कोटा रिक्त भएको हो सोही लक्षित वर्ग र शैक्षिक कार्यक्रमका उत्तीर्ण सूचीमा रहेका परीक्षार्थीहरुले प्राथमिकीकरण गरेको शिक्षालयमा योग्यताक्रमानुसार दोश्रो पटक वा सो भन्दा पछि भर्नाका लागि ७ दिनको म्याद दिई प्रदेश कार्यालयले सिफारिस गर्नेछ ।

(उ) रिक्त हुने सिटमा उत्तीर्ण सूचीमा रहेका परीक्षार्थीहरुबाट सिफारिस गर्न प्रदेश निर्देशकको संयोजकत्वमा ३ सदस्यीय कार्यटोली गठन गरिनेछ ।

(ऊ) वर्गीकृत (निःशुल्क) छात्रवृत्ति तर्फ रिक्त हुने कोटामा प्रदेश कार्यालयले भर्नाका लागि छनौट तथा सिफारिस सम्वन्धी कार्य शिक्षालयलाई प्रत्यायोजन गर्न पाउने छैन ।

(ए) कुनै प्रदेशको कुनै कार्यक्रमको प्रवेश परीक्षा संचालन नभएमा गोरखापत्रमा सूचना प्रकाशित गरी अन्य प्रदेशहरुको सोही कार्यक्रमको लागि प्रवेश परीक्षामा उत्तीर्ण सूचीमा रहेका र परिषद्को सम्वन्धित प्रदेश कार्यालयमा निवेदन दर्ता गराएका परीक्षार्थीहरु मध्येबाट योग्यताकमानुसार छनौट गरी भर्नाका लागि सिफारिश गरिनेछ ।

(ऐ) नतिजा प्रकाशन गर्ने कार्य सम्पन्न गरी प्रतिवेदन बुझाए पश्चात परीक्षा सम्वन्धी विनियमावलीको अनुसुची २ (९)(२)(ङ) बमोजिम कार्यटोलीले खाना/खाजा खर्च पाउनेछन । कार्यटोलीमा परिषद् प्रदेश प्रमुखले तोकेका सवारी चालक १ र कार्यालय सहयोगी १ जना गरी २ जना सहयोगीले कार्यटोलीका सदस्यहरुले पाए सरह खाना/खाजा खर्च पाउनेछन् ।

(छ) प्रवेश परीक्षा सम्पन्न भएको १० दिन भित्रमा कार्यटोलीले नतिजा प्रकाशन गरिसक्नुपर्नेछ । कार्यटोली गठन गर्दा कर्मचारीहरु नदोहोरिने गरी गठन गर्नुपर्नेछ ।

नोटः परीक्षार्थी रजिष्ट्रेशनको समयावधि २०८१ मंसिर १६ गतेसम्म कायम रहनेछ ।

(ज) वर्गीकृत छात्रवृत्तिको नतिजा प्रकाशन एवं भर्नाको सिफारिस सम्बन्धी सूचना गोरखापत्र राष्ट्रिय दैनिक पत्रिकामा र यसको विस्तृत विवरण www.ctevtexam.org.np वा www.ctevt.org.np मा प्रकाशित गरिनेछ ।

(झ) परिषद्, प्रदेश कार्यालयद्वारा वर्गीकृत (निःशुल्क) छात्रवृत्तिको नतिजा प्रकाशन भएको १ हप्ता भित्रमा प्रमाणित नतिजा प.नि.का.मा शिलवन्दी गरी पठाउनुपर्नेछ ।

## परिच्छेद ५

## परिक्षार्थी भर्ना सम्वन्धी व्यवस्था

### २३. शिक्षालयलाई भर्ना सम्बन्धी निर्देशनः

क) प्रत्येक शिक्षालयले परिषदबाट सञ्चालन स्विकृती प्राप्त गरेका प्रत्येक शैक्षिक कार्यक्रमको कुल सिट संख्या, लाग्ने शुल्क, छात्रवृत्तिको किसिम र सिट संख्या, सो वापत प्राप्त हुने सुविधा, छात्रवृत्ति प्राप्त गर्न अपनाउनु पर्ने प्रक्रिया र पेश गर्नुपर्ने आवश्यक कागजातहरुको सूची कम्तिमा ८'X४' साइजको नागरिक बडापत्रमा उल्लेख गरी सेवाग्राहीले देख्ने गरी शिक्षालयको हाता भित्र राख्नु पर्नेछ ।

ख) फारामसाथ पेश गर्नुपर्ने आवश्यक कागजातहरु परीक्षार्थी स्वयमले प्रमाणित गरी सूची बनाई पेश गर्नुपर्नेछ । परीक्षार्थीको फोटो र फाराम साथ संलग्न कागजातहरु ठिक भए नभएको रुजु गरी स्वीकृत एवं प्रमाणित सूची परीक्षार्थीलाई उपलब्ध गराउने जिम्मेवारी सम्बन्धित शिक्षालयको प्राचार्य/प्रमुखको हुनेछ । पेश हुन आएको विवरण फरक पर्न गएमा सम्बन्धित शिक्षालयको प्राचार्य/प्रमुख जवाफदेही हुनुपर्नेछ ।

ग) प्रवेश परीक्षा योग्यताक्रम सूचीमा रही भर्नाका लागि सिफारिस गरिएका परीक्षार्थीहरुलाई भर्ना गर्नु पूर्व सम्बन्धित पेशागत संस्था (Professional Council) हरुको प्रचलित कानूनले तोकेको मापदण्ड अनुसार मानसिक तथा शारीरिक रुपमा योग्य भए नभएको विज्ञबाट परीक्षण गराई योग्य परीक्षार्थीलाई मात्र भर्ना गर्ने जिम्मेवारी सम्बन्धित शिक्षालयको हुनेछ । उक्त सिफारिस पत्र रजिष्ट्रेशनको समयमा प.नि.का.मा पेश गर्नुपर्नेछ । यसरी सिफारिस गरिएका परीक्षार्थी मानसिक तथा शारीरिक रुपमा अयोग्य ठहर भई सिट रिक्त हुन आएमा तोकिए बमोजिम भर्ना गर्नुपर्नेछ ।

घ) जेहेन्दार र वर्गीकृत (निःशुल्क) छात्रवृत्ति पाउने विद्यार्थीसँग शिक्षालयले खाने बस्ने बाहेक अन्य कुनै पनि शुल्क लिन पाउने छैन । सो विपरित रकम अशुल गरेको पाइएमा परिषद्को ऐन, नियम तथा विनियम बमोजिम शिक्षालयलाई कारवाही हुनेछ ।

ङ) पूर्ण शुल्कीय कोटामा परीक्षार्थी भर्ना गर्दा यस निर्देशिकामा तोकिएको प्रक्रिया अपनाई गर्नुपर्नेछ ।

च) शिक्षालयले भर्नाका लागि सिफारिस गरिएका पूर्ण शुल्कीय तर्फका परीक्षार्थीहरुसंग परिषद्ले निर्धारण गरेको शुल्क मात्र लिनु पर्नेछ । तर विदेशी परीक्षार्थीको हकमा शिक्षालयको संचालक समितिले निर्णय गरी तोके बमोजिम हुनेछ ।

छ) भर्नाको लागि सिफारिस भएका परीक्षार्थीहरुको सक्कल प्रमाणपत्र रुजू गरी तोकिएको आवश्यक न्यूनतम शैक्षिक योग्यता पुगेका परीक्षार्थीहरुलाई मात्र भर्ना गर्ने जिम्मेवारी शिक्षालयका प्राचार्यको हुनेछ । प्रमाणपत्रहरु रुजु गर्दा कुनै विवरण फरक हुन गएमा वा झुटो विवरण पेश गरेको पाइएमा त्यस्ता परीक्षार्थीलाई शिक्षालयले भर्ना गराउने छैन । भर्ना भैसके पनि जुनसुकै समयमा रद्द गरिने छ ।

ज) शिक्षालयमा विद्यार्थीहरुको भर्ना संख्या जतिसुकै भएता पनि प्रत्येक कार्यक्रममा वर्गिकृत (निःशुल्क) र जेहेन्दार छात्रवृत्ति अनिवार्य रुपमा प्रदान गर्नु पर्नेछ ।

झ) वर्गीकृत (निःशुल्क) छात्रवृत्तिमा सिफारिस भएको परीक्षार्थीको नतिजा विवरण शिक्षालयले प.नि.का.को वेवसाइटबाट Download गरी शिक्षालयको सूचनापाटीमा टांस गर्नुपर्नेछ ।

ञ) शिक्षालयले भर्नाका लागि सिफारिस गरिएका मुख्य परीक्षार्थीहरु तोकिएको समयमा भर्ना नभई सिट रिक्त रहेको खण्डमा सार्वजनिक सूचना प्रकाशन गर्दा रिक्त रहेको बर्ग, कोटा र संख्या स्पष्ट उल्लेख गरी उत्तीर्ण सूचीमा रहेकाहरुको लागि सूचना प्रकाशित गर्नुपर्नेछ ।

ट) पूर्ण शुल्कीय तर्फ भर्ना भएको कुनै परीक्षार्थी वर्गीकृत (निःशुल्क) छात्रवृत्ति तर्फ सो शिक्षालय वा अन्य शिक्षालयमा सिफारिस भई भर्ना भएमा पूर्ण शुल्कीय तर्फ रिक्त हुने कोटामा सम्वन्धित शिक्षालयले निर्देशिका बमोजिमको प्रक्रिया पुरा गरी नयां परीक्षार्थी भर्ना गर्न सक्नेछ । वर्गीकृत (निःशुल्क) छात्रवृत्तिमा सिफारिस भएमा निजले भर्ना हुंदा बुझाएको रकम सम्वन्धित शिक्षालयले फिर्ता गर्नुपर्नेछ ।

ठ) शिक्षालयले भर्ना सम्वन्धी निर्देशिका बमोजिम मात्र परीक्षार्थीहरु भर्ना गर्नुपर्नेछ । निर्देशिका विपरीत भर्ना गरेको पाइएमा उक्त विद्यार्थीको रजिष्ट्रेशन खारेज भई उक्त शिक्षालयको आगामी शैक्षिक सत्रमा सो कार्यक्रमको स्वीकृत कोटा भित्र रहने गरी वर्गीकृत (निःशुल्क) छात्रवृत्तिमा सोही संख्याको दोब्बर संख्या बराबर सिट थप गरिनेछ । तर यसरी संख्या थप गर्दा स्वीकृत कोटाभन्दा बढी हुने छैन ।

ड) प.नि.का ले रजिष्ट्रेशनको आवेदन फाराम भर्ने सूचना प्रकाशित गरेपछि प्रदेश कार्यालय र शिक्षालयले कोटा रिक्त भएतापनि भर्नाको लागि नाम सिफारिस तथा भर्ना सम्वन्धी अन्य कुनै पनि प्रक्रिया गर्न पाउने छैनन् ।

ढ) परीक्षार्थी भर्ना तथा रजिष्ट्रेशनको समयावधि २०८१ मंसिर १६ गतेसम्म कायम रहनेछ । सो पश्चात परिषद्, प्रदेश कार्यालयले भर्ना सम्वन्धी सिफारिश र शिक्षालयले भर्ना सम्वन्धी अन्य कुनै पनि प्रक्रिया गर्न पाउने छैनन् ।

**२४. शिक्षालयहरुले पूर्ण शुल्कीय परीक्षार्थी भर्ना गर्दा अपनाउनु पर्ने प्रक्रिया :**

(१) पूर्ण शुल्किय खुला तथा लक्षित वर्ग कोटामा भर्नाका लागि सिफारिस गरिएका मुख्य परीक्षार्थीहरुलाई सम्बन्धित शिक्षालयले सिफारिस गरेको मितिले १० दिन भित्र भर्ना गराई सक्नुपर्नेछ ।

(२) पूर्ण शुल्कीय लक्षित बर्ग कोटा र पूर्णशुल्कीय खुल्ला कोटाको लागि प्रवेश परीक्षाबाट परीक्षार्थी छनौट गर्दा प्रवेश परीक्षाको योग्यताक्रमको आधारमा छनौट गरिनेछ ।

(३) पूर्णशुल्किय लक्षित बर्गमा कोटा रिक्त रहन आएमा सोही कार्यक्रमको खुला कोटामा प्रवेश परीक्षाको योग्यताक्रम सूचिमा रहेका परीक्षार्थीहरु मध्येवाट योग्यताक्रमका आधारमा सिफारिस गरिनेछ ।

(४) तोकिएको म्याद भित्र मुख्य परीक्षार्थी भर्ना हुन नआएमा सो संस्थाको सम्बन्धित कार्यक्रमको उत्तीर्ण सूचिमा रहेका परीक्षार्थीलाई जानकारी हुने गरी सम्बन्धित शिक्षालयले कम्तिमा ५ दिनको म्याद दिई रिक्त रहेको बर्ग, कोटा, संख्या स्पष्ट उल्लेख गरी सम्बन्धित शिक्षालयको सूचना पाटीमा तथा शिक्षालय रहेको सम्बन्धित पालिकाको कार्यालय र वडा कार्यालयको सूचना पाटीमा तथा सम्बन्धित शिक्षालयको वेबसाइटमा अनिवार्य प्रकाशित गर्नु पर्नेछ ।

(५) उपरोक्त अनुसार दर्ता हुन आएका निवेदनहरु शिक्षालयको मूल दर्ता किताबमा दर्ता गरी अन्तिम मिति सम्म दर्ता हुन आएका उम्मेदवार मध्येबाट योग्यताक्रम सूची प्रकाशित गरी सोही अनुसार रिक्त सिटहरुमा परीक्षार्थी भर्ना गर्नुपर्नेछ ।

(६) उल्लेखित अनुसारको प्रक्रिया अपनाउदा पनि परीक्षार्थी भर्ना नभई कोटा रिक्त हुन आएमा सो को लिखित जानकारी परिषद् प्रदेश कार्यालयलाई गराई रिक्त रहन आउने प्रत्येक शैक्षिक कार्यक्रमको सिटमा निम्न प्रक्रिया अपनाइ भर्ना गर्नु पर्नेछ ।

(क) सम्बन्धित शिक्षालयले रिक्त सिट संख्या उल्लेख गरी सार्वजनिक सूचना प्रकाशित गरी निर्देशिकाले तोकेको शैक्षिक योग्यता पुगी अन्य शिक्षालयबाट प्रवेश परीक्षा उत्तीर्ण गरी प्रवेश परीक्षाको योग्यताक्रम सूचिमा रहेका परीक्षार्थीहरुबाट आवेदन संकलन गर्न सक्नेछन् । यसरी रिक्त रहेको सिटमा भर्ना लिनका लागि सिट रिक्त रहेको शिक्षालयले सार्वजनिक सूचना प्रकाशित गरेर मात्र भर्ना गर्नु पर्नेछ । यसरी पर्न आएका निवेदनहरु मध्ये रिक्त रहेको कार्यक्रमको योग्यताक्रम सूचीमा रहेका परीक्षार्थीहरुलाई पहिलो प्राथमिकता दिई भर्ना गर्नुपर्नेछ ।

(ख) उपरोक्त अनुसार दर्ता हुन आएका निवेदनहरु शिक्षालयको मूल दर्ता किताबमा दर्ता गरी अन्तिम मितिसम्म दर्ता हुन आएका निवेदनहरु मध्येबाट प्रवेश परीक्षामा प्राप्त गरेको योग्यताक्रम अनुसार रिक्त सिटहरुमा परीक्षार्थी भर्ना गर्नु पर्नेछ ।

(ग) उल्लेखित प्रक्रिया अपनाई भर्ना गरिएका परीक्षार्थीहरुको परिषद् रजिष्ट्रेशन गराउँदा माथि प्रक्रियामा उल्लेखित सम्पूर्ण कागजातहरु (सार्वजनिक गरिएको सूचनाको सक्कल प्रति, मूल दर्ता किताबमा निवेदन दर्ता भएको प्रमाणित प्रतिलिपि तथा योग्यता क्रमको सूचीको प्रमाणित प्रतिलिपी) अनिवार्य रुपमा पेश गर्नु पर्नेछ । यसरी प्रक्रिया र कागजात नपुगी आएको परीक्षार्थीको भर्ना स्वतः रद्ध हुनेछ ।

उल्लेखित प्रक्रिया नपुऱ्याई पूर्ण शुल्कमा परीक्षार्थी भर्ना गरेको पाइएमा प्रति विद्यार्थी पुरा शैक्षिक अवधिमा लिइने सम्पूर्ण शुल्क बराबरको रकम जरिवाना गरिनेछ । यसरी तोकिएको जरिवाना रकम नतिर्ने शिक्षालयलाई सरकारी बाँकी सरह कायम गरी असुल उपर गरिनेछ ।

(घ) पूर्ण शुल्कीय कोटाहरुमा पूर्ण शुल्कीय तर्फको बैकल्पिक परीक्षार्थी नभई कोटा खाली रहन गएको खण्डमा मात्र वर्गीकृत (निःशुल्क) छात्रवृत्तिको बैकल्पिक परीक्षार्थीलाई योग्यताक्रमानुसार भर्ना गर्न सकिनेछ ।

(ङ) आरक्षित कोटाहरुमा सम्वन्धित कोटाको मुख्य उम्मेदवार भर्ना हुन नआई रिक्त हुन गएको खण्डमा सोही कोटाको बैकल्पिक परीक्षार्थीलाई योग्यताक्रमानुसार भर्ना गर्न सकिनेछ । दफा २४ (६), (ग) र (घ) अनुसार भर्ना गर्दा (क) अनुसारको प्रक्रिया पुरा गर्नुपर्नेछ ।

**नोट :**

(अ) उप समितिले नतिजा प्रकाशन गर्ने कार्य सम्पन्न गरी प्रतिवेदन बुझाए पश्चात सम्बन्धित शिक्षालयको नियमानुसारको पारिश्रमिक पाउनेछ ।

(आ) पूर्ण शुल्कीय कोटाहरुमा पूर्ण शुल्कीय तर्फको बैकल्पिक परीक्षार्थी नभई कोटा खाली रहन गएको खण्डमा मात्र वर्गीकृत (निःशुल्क) छात्रवृत्तिको बैकल्पिक परीक्षार्थीलाई योग्यताक्रमानुसार भर्ना गर्न सकिनेछ ।

(इ) आरक्षित कोटाहरुमा सम्वन्धित कोटाको मुख्य उम्मेदवार भर्ना हुन नआई रिक्त हुन गएको खण्डमा सोही कोटाको उत्तीर्ण सूचीमा रहेको परीक्षार्थीलाई योग्यताक्रमानुसार भर्ना गर्न सकिनेछ ।

(ई) पूर्ण शुल्कीय तर्फको उत्तीर्ण सूचीमा रहेका परीक्षार्थीहरुलाई योग्यताक्रम अनुसार भर्ना नगरी अनियमित भर्ना गरेको पाइएमा सो को दोव्वर संख्यामा आगामी शैक्षिक सत्रमा वर्गीकृत (निःशुल्क) छात्रवृत्तिमा कोटा थप गरिनेछ । तर यसरी संख्या थप गर्दा स्वीकृत कोटा भन्दा बढी हुने छैन ।

(उ) डिप्लोमा तथा प्रमाणपत्र तहको प्रवेश परीक्षामा सामेल भई उत्तीर्ण सूचीमा रहेको परीक्षार्थीले प्रि-डिप्लोमा तहमा कोटा खाली भएमा भर्ना भई अध्ययन गर्न सक्नेछन ।

## २५. शिक्षालयले वर्गीकृत (निःशुल्क) छात्रवृत्ति तर्फको परीक्षार्थी भर्ना गर्दा अपनाउनु पर्ने प्रक्रिया

(क) प्रदेश कार्यालयबाट वर्गीकृत (निःशुल्क) छात्रवृत्तिका लागि सिफारिस गरिएका मुख्य परीक्षार्थीहरुले नतिजा प्रकाशन भएको मितिले १० दिन भित्र सम्बन्धित शिक्षालयमा भर्ना भई सक्नुपर्नेछ ।

(ख) मुख्य परीक्षार्थी भर्ना हुन नआई छात्रवृत्तिको सिट रिक्त रहन आएमा सम्बन्धित शिक्षालयले तोकिएको म्याद भित्र भर्ना हुन नआउने बिद्यार्थीको नाम, कार्यक्रम, संख्या र बर्ग खुलाई सो को लिखित जानकारी परिषद्को सम्वन्धित प्रदेश कार्यालयमा ३ दिन भित्र अनिवार्य रुपमा जानकारी गराईसक्नु पर्नेछ ।

(ग) छात्रवृत्तिका लागि दोश्रो वा सो भन्दा बढी पटक सिफारिस गरिएका मुख्य परीक्षार्थीहरुले नतिजा प्रकाशन भएको मितिले ७ दिन भित्र सम्बन्धित शिक्षालयमा भर्ना भई सक्नुपर्नेछ ।

(घ) छात्रवृत्तिका लागि सिफारिस भएका परीक्षार्थीहरुलाई सम्बन्धित शिक्षालयले तोकिएको मिति भित्र अनिवार्य रुपमा भर्ना गराई सो को जानकारी प्रदेश कार्यालयलाई गराउनु पर्नेछ ।

(ङ) परिषद् प्रदेश कार्यालयले सम्वन्धित शिक्षालयबाट आएको पत्रलाई आधार मानि रिक्त बर्गीकृत (निःशुल्क) छात्रवृत्ति कोटामा परीक्षार्थी सिफारिश गरी पठाउनु पर्नेछ । उत्तीर्ण सूचीमा सम्वन्धित बर्गको परीक्षार्थी नभएमा अन्य बर्गको परीक्षार्थीबाट सूचना गरी निवेदन माग गरी योग्यताक्रमानुसार सिफारिश गर्नुपर्नेछ ।

(च) परिषद्, प्रदेश कार्यालयहरुबाट वर्गिकृत निःशुल्क छात्रवृत्तिमा सिफारिस गरिएका परीक्षार्थी बाहेक अन्य परीक्षार्थीलाई छात्रवृत्तिमा भर्ना गर्न पाइने छैन । नियम विपरीत भर्ना गरेको पाइएमा उक्त विद्यार्थीको रजिष्ट्रेशन खारेज गरिनेछ ।

(छ) सम्वन्धित परिषद् प्रदेश कार्यालयबाट वर्गीकृत (निःशुल्क) छात्रवृत्तिको परीक्षार्थी सिफारिस भएको तर कुनै कारणवश भर्ना नभई कोटा खाली रहेको भएमा भर्ना हुन तोकेको म्याद समाप्त भएको ३ दिन भित्रमा सम्वन्धित शिक्षालयले परिषद्, प्रदेश कार्यालयको इमेलमा सोको पत्र पठाई अनिवार्य रुपमा जानकारी गराउनुपर्नेछ । कोटा रिक्त रहेको समयमा जानकारी नगराई ढिलो गरी जानकारी दिएमा आगामी शैक्षिक शत्रको सो कार्यक्रमको बर्गीकृत (निःशुःल्क) छात्रवृत्ति कोटामा सोही संख्याको दोव्वर सिट थप गरिनेछ । तर यसरी संख्या थप गर्दा स्वीकृत कोटा भन्दा बढी हुने छैन ।

(ज) छात्रवृत्ति व्यवस्थापनमा असहयोग गर्ने तथा नियम विपरित भर्ना गर्ने शिक्षालयको आगामी शैक्षिक सत्रमा सो कार्यक्रमको स्वीकृत कोटा भित्र रहने गरी वर्गीकृत (निःशुल्क) छात्रवृत्तिमा सोही संख्याको दोब्बर सिट थप गरिनेछ ।

## २६. परीक्षार्थीले शिक्षालयमा भर्नाका समयमा पेश गर्नुपर्ने आवश्यक कागजातहरु

पूर्ण शुल्कीय तथा छात्रवृत्ति तर्फ भर्नाका लागि सिफारिस गरिएका परीक्षार्थीहरुले तोकिएको मिति र समय भित्र निम्न कागजात सहित सम्बन्धित शिक्षालयमा उपस्थित भई भर्ना हुनु पर्नेछ :

(क) तोकिए बमोजिम न्यूनतम योग्यता वा सो सरहको परीक्षाको लब्धाङ्कपत्र र चारित्रिक प्रमाणपत्रको सक्कल र प्रमाणित प्रतिलिपि, नेपाल बाहेक अन्य देशबाट सो सरहको परीक्षा उत्तीर्ण गर्नेहरुले समकक्षता प्रमाणपत्रको सक्कल र प्रमाणित प्रतिलिपि पेश गर्नुपर्नेछ । राहदानी तथा प्रवेशाज्ञा आवश्यक पर्ने विदेशी मुलुकका परीक्षार्थीको हकमा राहदानी तथा प्रवेशाज्ञा एवं अध्ययन अनुमति पत्रको प्रमाणित प्रतिलिपि पेश गर्नुपर्नेछ ।

(ख) छात्रवृत्ति तथा पूर्ण शुल्कीय लक्षित वर्गको हकमा नेपाली नागरिकताको प्रमाणपत्र वा नावालिक वा जन्म दर्ताको प्रमाणपत्र तथा आफ्नो वर्गको परिचय खुल्ने प्रमाणपत्रको सक्कल र प्रमाणित प्रतिलिपि पेश गर्नुपर्नेछ ।

(ग) परीक्षार्थीले भर्ना हुंदाका बखत अध्ययन अवधिको सैद्धान्तिक तथा प्रयोगात्मक कक्षाहरुमा पाठ्यक्रमले तोके अनुसार उपस्थित हुने अनुसूची १२ मा उल्लेखित स्वघोषणा गरेको कबुलियतनामा पेश गर्नुपर्नेछ ।

## परिच्छेद ६

## रजिष्ट्रेशन सम्वन्धी व्यवस्था

प्रत्येक विद्यार्थीहरुले परिषद्, रजिष्ट्रेशनका लागि प.नि.का.ले तोकेको ढाँचाको रजिष्ट्रेशन फाराम भरी आफू अध्ययनरत शिक्षालयमा र सम्बन्धित शिक्षालयले तोकिएको अवधि भित्र प.नि.का.ले तोकेको कार्यालयमा बुझाउनु पर्नेछ ।

**२७. रजिष्ट्रेशनका लागि आवश्यक कागजातहरु**

रजिष्ट्रेशन फाराम साथ निम्न लिखित कागजातहरु समावेश गरेको हुनुपर्दछ ।

(क) वर्गीकृत (निःशुल्क) छात्रवृत्तिका हकमा परिषद्, प्रदेश कार्यालयले र पूर्ण शुल्कीयको हकमा सम्बन्धित शिक्षालयले भर्नाका लागि सिफारिस गरेको सही छाप सहितको नतिजा ।

(ख) दफा ३ (क) र (ख) बमोजिम न्यूनतम योग्यता वा सो सरहको परीक्षाको लब्धाङ्कपत्र र चारित्रिक प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।

(ग) छात्रवृत्तिका हकमा दफा ९ मा उल्लेख भए बमोजिमका आवश्यक कागजातहरुको प्रमाणित प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

(घ) पूर्ण शुल्कीय कार्यक्रमको हकमा **सक्कल प्रवेश पत्र** र छात्रवृत्तिको हकमा प्रशिक्षार्थी **स्वयमले प्रमाणित गरेको प्रवेश पत्र** अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

(ङ) अन्य शिक्षालय तथा कार्यक्रमबाट भर्ना भएका विद्यार्थीहरुको हकमा अतिरिक्त विद्यार्थी भर्नाको लागि शिक्षालयले प्रकाशित गरेको सार्वजनिक सूचना र भर्नाको लागि प्रकाशित गरेको योग्यताक्रम अनुसारको नतिजा सूची अनिवार्य समावेश गर्नु पर्नेछ ।

(च) सम्वन्धित शिक्षालयको मूल दर्ता कितावमा गरिएको दर्ता अभिलेखको प्रमाणित प्रतिलिपि पेश गर्नुपर्नेछ ।

(छ) सिफारिश प्रक्रिया पुरा नगरी र नियम बिपरित भर्ना गरी रजिष्ट्रेशन कायम भएता पनि सो कुरा पछि प्रमाणित भएमा जुनसुकै बेला पनि त्यस्ता बिद्यार्थीहरुको रजिष्ट्रेशन खारेज गरिनेछ ।

(ज) प.नि.का.ले तोकेको समय सीमा भित्रमा रजिष्ट्रेशन गर्न छुट भएको भनी सम्वन्धित शिक्षालयले प्रदेश कार्यालय मार्फत सिफारिश भई आएता पनि छुट भएको सिट संख्याको बराबर संख्यामा आगामी शैक्षिक शत्रको सोही कार्यक्रममा तोकिएको कुल सिटमा नबढ्ने गरी बर्गीकृत (निःशुल्क) छात्रवृत्ति कोटा थप गरिनेछ । सो को कबुलियतनामा सम्वन्धित शिक्षालयले गर्नुपर्नेछ ।

(झ) परीक्षार्थीको रजिष्ट्रेशन समयावधि २०८१ मंसिर १६ गतेसम्म कायम रहनेछ ।

(ञ) शिक्षालयले परीक्षार्थी भर्ना गर्ने समयमा नै परीक्षार्थीहरुको रजिष्ट्रेशनको आवेदन फाराम भराई ITMS Online मा Entry गर्नुपर्नेछ ।

(ट) भर्ना तथा रजिष्ट्रेशन प्रकृया समाप्त भएको ३ दिन भित्रमा कार्यक्रम अनुसारको शुल्कहरु (संस्थागत विकास शुल्क तथा रजिष्ट्रेशन शुल्क) जम्मा गरी रजिष्ट्रेशन सम्वन्धी कागजातहरुको फाइल परिषद्, प्रदेश कार्यालयमा बुझाउनुपर्नेछ ।

(ठ) प्रशिक्षार्थीको रजिष्ट्रेशन कायम भैसकेपछि कार्यक्रम परिवर्तन हुने छैन ।

(ड) कुनै परीक्षार्थीको शिक्षण संस्थामा नियमानुसार भर्ना नै नभई शिक्षण संस्थाले ITMS Online मा Entry (प्रविष्ट) गरी रजिष्ट्रेशनको म्याद समाप्त भएपछि सो Online मा भएको रजिष्ट्रेशन रद्ध हुने छैन । साथै नियम बिपरित रजिष्ट्रेशन गर्ने त्यस्ता शिक्षण संस्थालाई आगामी शैक्षिक शत्रमा स्वीकृत कोटामा नबढ्ने गरी २ वटा बर्गीकृत (निःशुल्क) छात्रवृत्ति कोटा थप जरिवाना हुनेछ ।

## परिच्छेद ७

## शुल्क सम्वन्धी व्यवस्था

**२८. प्रवेश परीक्षा एवं अन्य शुल्कः**

परिषद्संग सम्वन्धित निम्न शुल्कहरु सम्बन्धित संस्थाले प.नि.का. वा परिषद्का सम्बन्धित प्रदेश कार्यालयको खाता रहेको राष्ट्रिय वाणिज्य वैंकमा जम्मा गर्नु पर्नेछ र जम्मा गरेको भौचरको पछाडीपट्टि जम्मा गर्ने शिक्षालयको नाम र रकमको प्रयोजन स्पष्ट रुपमा उल्लेख गर्नुपर्नेछ ।

**(क) प्रि-डिप्लोमा तहको पूर्ण शुल्कीय तर्फ** प्रति परीक्षार्थी प्रवेश परीक्षा दस्तुर रु. ५००। मध्ये रु २००। सम्वन्धित शिक्षालयले नतिजा तयारी, नतिजा प्रकाशन, उप-समितिका पदाधिकारीहरुको पारिश्रमिक भुक्तानी लगायतका परीक्षा सम्वन्धी कार्यका लागि कटाई प्रति परीक्षार्थी रु ३००। का दरले प.नि.का.बाट प्रकाशित सूचनामा उल्लेखित सम्वन्धित परिषद्, प्रदेश कार्यालयको खातामा रकम जम्मा गरी ITMS Online मार्फत बैक भौचर Upload गर्नुपर्नेछ ।

(ख) पुनः प्रवेश परीक्षाको हकमा समेत माथी उल्लेख भए अनुसारको रकम प्रत्येक हप्ता संकलन भएका फाराम वापतको रकम उल्लेखित खातामा जम्मा गरेपछि मात्र परिषद्, प्रदेश कार्यालयबाट फाराम Approval गरिनेछ ।
**स्पष्टिकरणः** शिक्षालयले उल्लेखित शुल्कको अतिरिक्त परिक्षार्थीहरुबाट अन्य कुनै पनि शुल्क लिन पाउने छैन । यदि त्यस्तो रकम लिएको प्रमाणित भएमा प्रचलित कानुन बमोजिम कार्यवाही हुनेछ ।

**(ग) प्रवेश परीक्षा शुल्क (वर्गीकृत) निःशुःल्क छात्रवृत्तिः** प्रत्येक परीक्षार्थीले प.नि.का. ले उपलब्ध गराएको सेवा प्रदायकबाट रु ५००। जम्मा गरी (वर्गीकृत) निःशुल्क छात्रवृत्तिको Application form Online submit गर्नुपर्नेछ ।

**(घ) सूचना प्रकाशन शुल्कः** प्रत्येक शिक्षालयले भर्ना तथा आवेदन फाराम माग सम्बन्धी वेवसाइट तथा पत्रिकामा प्रकाशित सूचनाको दस्तुर वापत प्रति कार्यक्रम रु.५,०००। का दरले र एकै शिक्षालयमा एक भन्दा बढी कार्यक्रम संचालन भएको खण्डमा प्रति थप कार्यक्रम वापत रु. ३,०००। का दरले सूचना प्रकाशन शुल्क बुझाउनु पर्नेछ ।

**(ङ) रजिष्ट्रेशन सम्वन्धी शुल्कः** परिषद्वाट निजी स्तरमा कार्यक्रम सञ्चालनको सम्बन्धन/स्वीकृती पाएका शिक्षालयहरुले रजिष्ट्रेशन शुल्क प्रति विद्यार्थी रु. ५००।- र संस्थागत विकास शुल्क प्रति विद्यार्थी रु. ५००।- का दरले एकमुष्ट बुझाउनु पर्नेछ । परिषद्का आंगिक, साझेदारी, सरकारी/सामूदायिक विद्यालय अन्तर्गत संचालित शैक्षिक कार्यक्रममा अध्ययनरत विद्यार्थीहरुको हकमा रजिष्ट्रेशन शुल्क प्रति विद्यार्थी रु. ५००।- का दरले एकमुष्ट बुझाउनु पर्नेछ ।

**(च) अन्य शुल्कः** अन्य शुल्कको हकमा प्रा.शि.तथा व्या.ता.परिषद्को आर्थिक प्रशासन सम्वन्धी विनियमावली २०६२ र परीक्षा सम्बन्धी विनियमावली २०७१ अनुसार हुनेछ ।

(छ) शिक्षालयले बिद्यार्थीहरु संग आर्थिक कारोवार गर्दा अनिवार्य रुपमा बैंक मार्फत गर्नुपर्नेछ ।

(ज) प्रवेश परीक्षाका परीक्षार्थीहरुको संख्या यकिन गरेर मात्र तोकिए अनुसारको रकम बैंक दाखिला गर्नुपर्नेछ । अन्यथा रकम फिर्ता वा मिलान गरिने छैन ।

**नोटः** प्रवेश परीक्षा दस्तुर र सूचना प्रकाशन शुल्क एकमुष्ट जम्मा गरेको बैक भौचर ITMS Online मा Upload गरि सम्बन्धित परिषद्, प्रदेश कार्यालयबाट Approval भए पछि मात्र परीक्षार्थीहरुको प्रवेश पत्र शिक्षालयले Print गर्न पाउनेछ ।

## परिच्छेद ८

## विविध

**२९. अनुगमन**

(क) प्रवेश परीक्षा संचालन तथा नतिजा प्रकाशन कार्यको प.नि.का. तथा प्रदेश कार्यालयहरुले आवश्यक कर्मचारीहरु खटाई अनुगमन गर्नेछन् ।

(ख) शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, सम्बन्धित प्रदेशको शिक्षा हेर्ने मन्त्रालय, परिषद् केन्द्रिय कार्यालयले यस निर्देशिका बमोजिम संचालन हुने प्रवेश परीक्षा संचालन, नतिजा प्रकाशन, विद्यार्थी भर्ना प्रक्रिया र रजिष्ट्रेशन सम्मका सम्पूर्ण क्रियाकलापहरुको जुनसुकै बेला पनि अनुगमन गर्न सक्नेछन् ।

(ग) प्रवेश परीक्षा संचालन तथा नतिजा प्रकाशन उपसमितिले अनुगमनमा आएका कर्मचारीहरुलाई आवश्यक सहयोग गर्नु पर्नेछ ।

**३०. खारेजी र बचाऊ**

(क) प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, परीक्षा नियन्त्रण कार्यालयद्वारा जारी गरीएको प्रवेश परीक्षा तथा छात्रवृत्ति सम्बन्धी निर्देशिका २०८० लाई खारेज गरिएको छ । सो निर्देशिका बमोजिम भए गरेका कामहरु यसै निर्देशिका बमोजिम भएको मानिनेछ ।

(ख) यस निर्देशिकामा भएका व्यवस्थाहरु यसै निर्देशिका बमोजिम र निर्देशिकामा नभएका व्यवस्थाहरु परिषद्को ऐन, नियम, विनियम तथा परीक्षा समितिको निर्णय बमोजिम हुनेछ ।

(ग) यस निर्देशिकामा भएका व्यवस्थाहरु परिषद्को ऐन, नियम तथा विनियम संग बाझिन गएमा बाझिएको हदसम्म अमान्य हुनेछ ।

(घ) यस निर्देशिकामा उल्लेखित व्यवस्थाहरु अस्पष्ट भएमा सो को व्याख्या गर्ने अधिकार परीक्षा समितिलाई हुनेछ ।

# अनुसूची

**अनुसूची-१**

**पूर्णशुल्किय तर्फको अनलाइन आवेदन फाराम भर्नको लागि निर्देशन**
**निर्देशिकाको दफा ६ (१) (ग) संग सम्वन्धित**

Council for Technical Education and Vocational Training

## Office of The Controller of Examinations

Sanothimi, Bhaktapur

**Web Based Online Integrated Training Management System (ITMS)**

# User Manual

**(Paying Entrance Application Form Online Data Entry for Institute)**


1. Open Google Chrome Browser
2. Type Address Bar on www.ctevtexam.org.np




3. Go to **Online System** and Click On --→ Integrated Training Management System (ITMS)




4. Click on Integrated Training Management System (ITMS) and Enter User and Password then Click Login



## 5. Login Page



6. Click on Entrance Tab




7. Click on + New Application Form



Application No. = ((216) Institute Code + (06) Program Code + 01) = 2160601 (Example)
(for Program Code in Last Page)

8. Fill up all Requirement then Click on Continue




9. Fill up Step 2 then Click on Continue




9. Fill up Step 3 then Click on Continue



9. Fill up Step 4 then Click on Continue




10. Fill up Step 5 then Click on Print



11. Click on Go to Application form



## 12. Final Status of Your Form Fill up




### Pre-Diploma Level Program Name and Code No.: -

| S.N. | Pre-Diploma Program Name | Program Code |
|---|---|---|
| 1 | Pre-Diploma in Civil Engineering | 01 |
| 2 | Pre-Diploma in Auxiliary Nursing Midwifery | 02 |
| 3 | Pre-Diploma in Community Medicine Assistant | 03 |
| 4 | Pre-Diploma in Ayurveda | 04 |
| 5 | Pre-Diploma in Survey Engineering | 05 |
| 6 | Pre-Diploma in Mechanical Engineering | 06 |
| 7 | Pre-Diploma in Automobile Engineering | 07 |
| 8 | Pre-Diploma in Computer Engineering | 08 |
| 9 | Pre-Diploma in Electrical Engineering | 09 |
| 10 | Pre-Diploma in Medical Lab Assistant | 10 |
| 11 | Pre-Diploma in Water Supply & Sanitary Engineering | 11 |
| 12 | Pre-Diploma in Hotel Management | 12 |
| 13 | Pre-Diploma in Culinary Arts | 13 |
| 14 | Pre-Diploma in Agriculture/Plant Science | 14 |
| 15 | Pre-Diploma in Veterinary Science | 15 |
| 16 | Pre-Diploma in Refrigeration & AC Engineering | 16 |
| 17 | Pre-Diploma in Entrepreneurship Development | 17 |
| 18 | Pre-Diploma in Computer Application & Secretarial Management | 18 |
| 19 | Pre-Diploma in Social Mobilization | 19 |
| 20 | Pre-Diploma in Livestock Production/Animal Health | 21 |
| 21 | Pre-Diploma in Electronics Engineering | 23 |

**अनुसूची-२**

वर्गीकृत (निःशुल्क) छात्रवृत्ति तर्फको अनलाईन आवेदन फाराम भर्नको लागि निर्देशन
(निर्देशिकाको ६ (२) (ङ) संग सम्वन्धित)

Council for Technical Education and Vocational Training

# Office of The Controller of Examinations

Sanothimi, Bhaktapur

**Web Based Online Classified Scholarship Entrance Form Submissions [Diploma/PCL and Pre-Diploma (TSLC)]**

# User Manual

**(Classified Scholarship Entrance Application Form Online Data Entry for Student)**


1. Open Google Chrome Browser
2. Type Address Bar on www.ctevtexam.org.np




3. Click on Classified Scholarship Online System and Select Application Type Then Click New User



4. Pre-Payment Details Page then Fill-up all Requirements and Click Proceed to Payment




5. Please Select Payment Method and Enter Payment Details and Click Proceed




6. Create New Password then Click Change Password




(for Existing User to Next Time Logging Your Mobile No. and Password)

7. Fill up all Requirement then Click on Continue



8. Select Quota and Upload Required Document Then Click on Continue



9. Desired Province, Program, Exam Center and Select all Desired Institute in Priority Order then Click on Continue



10. Final Step Preview All Fill-up Contains Then Click on Print Details or Print Admit card



# 11. Sample of Print Admit Card



**Pre-Diploma (TSLC) Program Name and Code No.: -**

| S.No. | Pre-Diploma Program Name | Program Code |
|---|---|---|
| 1. | Pre-Diploma in Civil Engineering | 01 |
| 2. | Pre-Diploma in Auxiliary Nursing Midwifery | 02 |
| 3. | Pre-Diploma in Community Medicine Assistant | 03 |
| 4. | Pre-Diploma in Ayurveda | 04 |
| 5. | Pre-Diploma in Survey Engineering | 05 |
| 6. | Pre-Diploma in Mechanical Engineering | 06 |
| 7. | Pre-Diploma in Automobile Engineering | 07 |
| 8. | Pre-Diploma in Computer Engineering | 08 |
| 9. | Pre-Diploma in Electrical Engineering | 09 |
| 10. | Pre-Diploma in Medical Lab Assistant | 10 |
| 11. | Pre-Diploma in Water Supply & Sanitary Engineering | 11 |
| 12. | Pre-Diploma in Hotel Management | 12 |
| 13. | Pre-Diploma in Culinary Arts | 13 |
| 14. | Pre-Diploma in Agriculture/Plant Science | 14 |
| 15. | Pre-Diploma in Veterinary Science | 15 |
| 16. | Pre-Diploma in Refrigeration & AC Engineering | 16 |
| 17. | Pre-Diploma in Entrepreneurship Development | 17 |
| 18. | Pre-Diploma in Computer Application & Secretarial Management | 18 |
| 19. | Pre-Diploma in Social Mobilization | 19 |
| 20. | Pre-Diploma in Livestock Production/Animal Health | 21 |
| 21. | Pre-Diploma in Electronics Engineering | 23 |

*Thank You*

# अनुसूची-३

(निर्देशिकाको दफा ९ (ग) संग सम्वन्धित)

| दलित वर्गमा सूचीकृत जात-जातिहरुको विवरण | | | |
|---|---|---|---|
| १. गन्धर्व (गाइने),<br>२. परियार (दमाई, दर्जी, सूचिकार, नगर्ची, ढोली, हुड्के),<br>३. बादी,<br>४. विश्वकर्मा (कामी, लोहार, सुनार, ओड, चुनंरा, पार्की, टमटा),<br>५. मिजार (सार्की, चर्मकार, भूल),<br>६. पोडे (देउला, पूजारी, जलारी),<br>७. च्यामे (कुचीकार, च्याम्खल), | ८. कलर,<br>९. ककैहिया,<br>१०. कोरी,<br>११. खटिक,<br>१२. खत्वे (मण्डल, खङ्ग),<br>१३. चमार (राम, मोची, हरिजन, रविदास),<br>१४. चिडिमार, | १५. डोम (मरिक),<br>१६. तत्मा (तांती, दास),<br>१७. दुसाध (पासवान, हजरा),<br>१८. धोवी (रजक, हिन्दु),<br>१९. पासी,<br>२०. बाँतर,<br>२१. मुसहर, | २२. मेस्तर (हलखोर),<br>२३. सरभङ्ग (सरवरिया),<br>२४. नटुवा,<br>२५. ढाँडी,<br>२६. धरिकर/धनका |

# अनुसूची-४

(निर्देशिकाको दफा ९ (ङ) संग सम्वन्धित)

| आदिवासी जनजाति वर्गमा सूचीकृत जात-जातिहरुको विवरण | | | | |
|---|---|---|---|---|
| १. राउटे,<br>२. कुसुण्डा,<br>३. वनकरिया,<br>४. सुरेल,<br>५. हायू,<br>६. राजी,<br>७. किसान,<br>८. लेप्चा,<br>९. मेचे (बोडो),<br>१०. कुशबडिया, | १. माझी,<br>२. ल्होमी (शिङसावा),<br>३. थुदाम,<br>४. धानुक (राजवंशी),<br>५. झाँगड,<br>६. चेपाङ,<br>७. सतार (सन्थाल),<br>८. थामी,<br>९. वोटे,<br>१०. दनुवार,<br>११. सियार,<br>१२. बरामु, | १. सुनुवार,<br>२. थारु,<br>३. तामाङ,<br>४. भुजेल,<br>५. कुमाल,<br>६, राजवंशी (कोच),<br>७. गन्गाई,<br>८. धिमाल,<br>९. भोटे,<br>१०. दराई,<br>११. ताजपुरिया,<br>१२. पहारी,<br>१३, तोक्पेगोला,<br>१४. डोल्पो,<br>१५. फ्रि,<br>१६. मुगाली,<br>१७. लार्के,<br>१८. वालुङ,<br>१९. ल्होपा,<br>२०. दुरा, | १. मगर,<br>२. राई,<br>३. लिम्बु,<br>४. गुरुङ्ग,<br>५. बाह्गाउँले थकाली,<br>६. मार्फाली थकाली,<br>७. छैरोतन,<br>८. शेर्पा,<br>९. तांवे,<br>१०.तीन गाउँले थकाली,<br>११. याक्खा,<br>१२. छन्त्याल,<br>१३. जिरेल,<br>१४. व्याँसी,<br>१५. ह्योल्मो, | १. थकाली,<br>२. नेवार,<br>३. राना थारु |

अनुसूची-५

(दफा १७ संग सम्बन्धित नमूना प्रश्नपत्रको ढांचा)

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

**परीक्षा नियन्त्रण कार्यालय**

सानोठिमी, भक्तपुर

Time: 1.45 Pre-diploma Level Entrance Exam (Model Question)-2081 Set 'A'

**English (20X1=20) Entrance Exam**

1. I saw ................stranger standing at the entrance.
   a. a b. an c. the d. any
2. Ankit plays ………… flute.
   a. a b. an c. the d. some
3. These boys are ……….. a remote village.
   a. for b. from c. off d. into
4. He's an honest boy,…………….?
   a. isn't he b. hasn't he c. was he d. has he
5. I'm working hard,……………….?
   a. amn't I b. am I c. are I d. aren't I
6. Either he or I ………………to save you.
   a. come b. comes c. came d. coming
7. None of strangers………. at the party last night.
   a. are b. were c. is d. was
8. Suman passed the exam but, I ……….
   a. couldn't b. didn't c. don't d. shouldn't
9. We ……………. trained man-powers in coming four years.
   a. will have been b. have been c. had been d. have
10. It rained while we…………….. to the office.
    a. are walking b. were walking c. will be walking d. have been walking
11. "…………", said Anita.
    a. Come to me that day b. Came to me tomorrow
    c. Come to me tomorrow d. Come to me the following day
12. Anil said to me, "Where do you live these days? " Its reported speech is: ……………
    a. Anil said to me that where I lived these days. b. Anil said to me where I lived those days.
    c. Anil asked me where did you live these days. d. Anil asked me where I lived those days.
13. This part of the Ring – Road………. last year.
    a. reconstructed b. had reconstructed c. was reconstructed d. will have reconstructed
14. 'She gave me a nice gift.' Its passive voice is: …………
    a. I was given a nice gift by her. b. A nice gift was given by her.
    b. I was giving a nice gift by her. d. A nice gift given to me by her.
15. ………………..he works hard, he cannot get a good result.
    a. Because b. In order to c. Although d. So that
16. Sarala ………… is my close friend works at a bank in Lumbini.
    a. whom b. who c. whose d. what

17. If I had known, you before, I ……………. you.

a. shall help   b. would help   c. had helped   d. would have helped

18. Krishna………………. me to buy a new pair of shoes.

a. has   b. get   c. makes   d. gets

19. Rima ……….. me go to the cinema.

a. have   b. gets   c. make   d. had

20. Ice melts if it…………………..

a. will heat   b. would heat   c. was heated   d. is heated

## Science & Health (25X1=25) Entrance Exam

21. Water **को** Specific heat capacity **कति हो ?**

a) 3200J/kg°C   b) 5200J/kg°C   c) 4200J/kg°C   d) 4400J/kg°C

22. यूरिया (Urea) मलको आणविक सुत्र के हो ?

a) NH-CO-NH   b) $(NH_4)=SO_4$   c)$( NH_4)_3$ - $PO_4$   d) $NH_2$ - CO-$NH_2$

23. **आर्किगोनियाबाट** (Archegonia**) उत्पादन हुने रसायनको नाम के हो ?**

a) Malic Acid   b) Nitric Acid   c) Sulphuric acid   d) Hydrochloric acid

24. **मानवको** वैज्ञानिक **नाम के हो ?**

a) Rana Tigrina   b) Elephus maximus   c) Homosapiens   d) Hominoidea

25. फूलमा (Flower) परागकण कहाँ बन्दछन् ?

a) Anther   b) Pistil   c) Petal   d) Calyx

26. **मानव शरीरमा पाइने सबै भन्दा ठुलो** अङ्ग (Organ) **कुन हो ?**

a) Heart   b) Eye   c) Liver   d) Skin

27. $CaCO_3 + \xrightarrow{heat}$ ———— + $CO_2\uparrow$

a) $CaO_2$   b) CaO   c) $CaCO_2$   d) $CaO_3$

28. यी मध्ये कुन तत्व Salt होइन ?

a) NaCl   b) $Na_2SO_4$   c) KCl   d) KOH

29. Aluminum को आणविक सुत्र के हो ?

a) Al   b) A   C) Alu   d) Ali

30. परमाणुको विभिन्न कक्षहरुमा पाइने Electron रहने संख्या पत्ता लगाउने Formula कुन हो ?

a) $n^2$   b) $2n^2$   c) $3n^2$   d) $4n^2$

31. Blood **को कुन कोषले** Oxygen **बोक्छ ?**

a) RBC   b ) WBC   c) Plasma   d) Platelates

32. **कुन ग्रह** (Planet) **मा** Ring **हुन्छ ?**

a) Jupiter   b) Saturn   c) Venus   d) Pluto

33. Pancreas ले कुन hormone पैदा गर्दछ ?

a) Insulin   b) Glucagon   c) Adrenaline   d) a & b both

34. Bronchus मानव शरीरको कुन भागमा पाइन्छ ?

a ) Heart   b) Brain   c) Stomach   d) Lungs

35. AIDS **लाग्दा, मानव शरीरको कुन** System **बिफल हुन्छ?**

a) Sensory System b) Respiratory System c) Defense System d) Reproductive System

36. कुकुरको टोकाइले कुन रोग लाग्दछ ?

a) Rabies b) Malaria c) Kalazar d) Tetanus

37. नेपालमा पहिलो जनगणना कहिले भएको थियो ?

a) 2010 b) 2020 c) 2030 d) 2058

38. तलका मध्ये कुन प्राणी नेपालमा दुर्लव मानिन्छ ?

a) **हात्ती** b) **बाघ** c) **एक सिङ्गे गैडा** d) **व्वाँसो**

39. तलका मध्ये कुन Vitamin को कमिले Night blindness लाग्दछ ?

a) Vitamin A b) Vitamin B c) Vitamin C d) Vitamin D

40. रसायनिक बनावटको आधारमा खाध्य पदार्थलाई कति समुहमा वर्गिकरण गरिएको छ ?

a) 3 b) 5 c) 4 d) 6

41. दुईवटा पिण्डहरु (Masses) लाई 2m टाढा राख्दा 100N गुरुत्वाकर्षण बल (Gravitational Force) उत्पन्न हुन्छ भने 4m टाढा राख्दा कति गुरुत्वाकर्षण बल उत्पन्न हुन्छ ?

a. 25N b. 50N c. 75N d. 100N

42. विद्युत खपत (Electric Power Consumed) नाप्ने एकाई कुन हो ?

a. Kilowatt b. Watt c. Volt d. Kilowatt hour

43. कुन मौरीमा मह संकलन गर्ने ग्रन्थी (Gland) हुन्छ ?

a. Drone b. Queen c. Worker d. Both Drone & Worker

44. तलका मध्ये कुन अरु तीनवटासँग मिल्दैन ?

a. Moon b. Phobos c. Titan d. Earth

45. $\mathbf{4P + 50_2 \rightarrow 2P_20_5}$ कुन प्रकारको रसायनिक प्रतिक्रिया (Chemical Reaction) हो ?

a. Combination b. Decomposition c. Acid-base d. Displacement

**Math (25X1=25) Entrance Exam**

46. यदि n(A)=40, n(B)=25 र n $(\boldsymbol{A \cap B}) = \mathbf{15}$ भए n0(B) को मान कति हुन्छ ?

a. 25 b. 20 c. 15 d. 10

47. अर्धव्यास (Radius) 7 cm भएको अर्धगोलाको पूरा सतहको क्षेत्रफल कति होला ?

a. 44 $cm^2$ b. 308 $cm^2$ c. 462 $cm^2$ d. 616 $cm^2$

48. **X को मान कति हुँदा $\frac{5}{2x-10}$ अपरिभाषित हुन्छ ?**

a. 0 b. 3 c. 5 d. 10


49. रु. 50,000 मा 13% मूल्य अभिवृद्धि कर जोड्दा विकय मूल्य कति हुन्छ ?

a. रु. 56500 b. रु. 56000 c. रु. 43500 d. रु. 70000

50. दिइएको $\Delta$ABC मा AB=8 cm, BC= 12cm र $\measuredangle$ABC=$45^0$ छ भने $\Delta$ABC को क्षेत्रफल कति हुन्छ ?

a. 24 $cm^2$ b. 48 $cm^2$

c. $24\sqrt{2}$ $cm^2$ d. 12 $cm^2$




51. एउटा सोलीको पूरा सतहको क्षेत्रफल निकाल्ने सुत्र कुन हो ?

a. $\pi r(r+h)$  b. $\pi r(r+l)$  c. $2\pi r(r+l)$  d. $\pi rl$

52. वि.सं. 2072 को सुरुमा एउटा गाँउको जनसङ्ख्या 12,0000 थियो । यदि बार्षिक जनसङ्ख्या वृद्धिदर 5% छ भने वि.सं. 2073 को अन्त्यमा सो गाँउको जनसङ्ख्या कति थियो होला ?


a. 12650  b. 13100  c. 13230  d. 14230

53. दिइएको चित्रमा समानान्तर चतुर्भुज ABCD को क्षेत्रफल 44 $cm^2$ भए त्रिभुज BPC को क्षेत्रफल कति होला ?




a. 11 $cm^2$  b. 22 $cm^2$
c. 44 $cm^2$  d. 88 $cm^2$

54. दिइएको चित्रमा O वृत्तको केन्द्रविन्दु हो । TAN एउटा स्पर्श रेखा हो । यदि AN=4 cm र OA=3 cm भए MN को मान कति होला ?




a. 5 cm  b. 3 cm
c. 8 cm  d. 2 cm

55. एउटा निरन्तर श्रेणीमा मध्यक $(\bar{x}) = 15$, पदहरुको सङ्ख्या (N)=42 र $\sum$fm=440 + 19P भए P को मान कति होला ?

a. 10  b. 15  c. 19  d. 20


56. एउटा सिक्का दुई पटक उफार्दा दुवै पटक एउटै परिणाम आउँने सम्भाव्यता कति हुन्छ ?

a. $\frac{1}{4}$  b. $\frac{1}{16}$  c. $\frac{3}{16}$  d. $\frac{1}{2}$

57. एउटा त्रिभुजको तीन वटा भुजाहरुको लम्बाई क्रमश: 6cm, 8cm र 10cm छ भने सो त्रिभुजको क्षेत्रफल कति होला ?

a. 10 $cm^2$  b. 24 $cm^2$  c. 48 $cm^2$  d. 480 $cm^2$

58. दिइएको चित्रमा O वृत्तको केन्द्रविन्दु हो । यदि ON=QN भए $\measuredangle PMN$ को मान कति होला ?




a. $100^0$  b. $110^0$
c. $115^0$  d. $120^0$

59. समीकरण $ax^2 + bx + c = 0$ मा $x$ को मान कति होला ?

**a.** $\frac{b+\sqrt{b^2-4ac}}{2a}$  **b.** $\frac{b-\sqrt{b^2-4ac}}{2a}$  **c.** $\frac{b\pm\sqrt{b^2-4ac}}{2a}$  **d.** $\frac{-b\pm\sqrt{b^2-4ac}}{2a}$

60. $x^2 - 4$ / $x + 3$ को म.स. (HCF) कति हुन्छ ?

a. $x+2$  b. $x-2$  c. $x+3$  d. 1

61. एक जना मानिसको उमेरमा उसको उमेरको दुई तिहाइ जोड्दा 60 बर्ष हुन्छ भने उक्त मानिसको उमेर कति होला ?

a. 30 बर्ष  b. 35 बर्ष  c. 36 बर्ष  d. 40 बर्ष

62. एउटा घडीको अंकित मूल्य रु.4000 छ । यसमा रु. 540 छुट दिएर 13% मूल्य अभिवृद्धि कर लगाउदा सो घडीको मूल्य कति हुन्छ ?

a. Rs. 3900  b. Rs. 3093  c. Rs. 3909  d. Rs. 3909.80

63. एउटा मोवाइल सेटलाई बेलायतमा £ 600 पर्छ । यदि £ $1 = \mathbf{Rs.}\,130$ छ भने सो मोबाइल सेटको नेपाली (Rs.) मूल्य कति हुन्छ ?

a. Rs. 70000  b. Rs. 75000  c. Rs. 78000  d. Rs. 80000

64. तल दिइएको तथ्याङ्कमा पहिलो चतुर्थांश ($Q_1$) पर्ने श्रेणी कुन हो ?

| Class | 20-30 | 30-40 | 40-50 | 50-60 | 60-70 |
|---|---|---|---|---|---|
| C. f. | 5 | 8 | 15 | 20 | 28 |

a. 20-30 b. 30-40 c. 40-50 d. 30-50

65. यदि $x + \frac{1}{x} = 5$ भए $x^2 + \frac{1}{x^2}$ को मान कति होला ?

a. 20 b. 23 c. 25 d. 50

66. वृत्ताकार आधार (Circular Base) भएको Prism लाई के भनिन्छ ?

a. Cone b. Cylinder c. Sphere d. Circle

67. यदि शहरको हालको जनसंख्या (Present population of town) = 1000 र 2 वर्ष अघिको जनसंख्या (Population of two years ago) = 1210 भए जनसंख्या वृद्धिदर (Rate of population growth) कति हुन्छ ?

a. -10% b. -5% c. 10% d. 5%

68. तलका मध्ये कुन Surd हो ?

a. $\sqrt{9}$ b. $\sqrt{169}$ c. $\sqrt{6}$ d. 9

69. निरन्तर श्रेणी (continuous Series) मा $Q_2$ निकाल्ने सुत्र (Formula) कुन हो ?

a. $L + \frac{i}{f}\left(\frac{N}{4} - cf\right)$ b. $L + \frac{i}{f}\left(\frac{N}{2} - cf\right)$ c. $\frac{N}{2}$ d. $L + \frac{i}{f}\left(\frac{3N}{4} - cf\right)$

70 यदि कुनै दिन पानी पर्ने सम्भाव्यता (Probability) $\frac{1}{3}$ भए उक्त दिन पानी नपर्ने सम्भाव्यता कति हुन्छ ?

a. $\frac{1}{3}$ b. 1 c. $\frac{2}{3}$ d. 0

**Best of Luck!!!**

# Answer Key (Model)

| English | | Science | | Math | |
|---|---|---|---|---|---|
| ***Question No.*** | **Answer** | ***Question No.*** | **Answer** | ***Question No.*** | **Answer** |
| **1** | | **21** | | **46** | |
| **2** | | **22** | | **47** | |
| **3** | | **23** | | **48** | |
| **4** | | **24** | | **49** | |
| **5** | | **25** | | **50** | |
| **6** | | **26** | | **51** | |
| **7** | | **27** | | **52** | |
| **8** | | **28** | | **53** | |
| **9** | | **29** | | **54** | |
| **10** | | **30** | | **55** | |
| **11** | | **31** | | **56** | |
| **12** | | **32** | | **57** | |
| **13** | | **33** | | **58** | |
| **14** | | **34** | | **59** | |
| **15** | | **35** | | **60** | |
| **16** | | **36** | | **61** | |
| **17** | | **37** | | **62** | |
| **18** | | **38** | | **63** | |
| **19** | | **39** | | **64** | |
| **20** | | **40** | | **65** | |
| | | **41** | | **66** | |
| | | **42** | | **67** | |
| | | **43** | | **68** | |
| | | **44** | | **69** | |
| | | **45** | | **70** | |

# अनुसूची ६

**नतिजा प्रकाशनको ढांचा**

(निर्देशिकाको दफा १९(ग) संग सम्वन्धित)

Council for Technical Education & Vocational Training (CTEVT)

## Office of the Controller of Examinations

CTEVT, …………Province

……………….., …………………..

**Pre-Diploma Level Full Fee Paying Entrance Exam Result-2081**

**Insitute: ……………………………………., (Address)**
**Programme:……………………………………………………………………………………..**

**CLASSIFIED SCHOLARSHIP QUOTA:**

| S.NO. | SYMBOL NO. | NAME OF CANDIDATES | OBTAINED MARKS | REMARKS |
|---|---|---|---|---|
| 1. | | | | |
| 2. | | | | |
| 3. | | | | |

**MERIT SCHOLARSHIP QUOTA:**

| S.NO. | SYMBOL NO. | NAME OF CANDIDATES | OBTAINED MARKS | REMARKS |
|---|---|---|---|---|
| 1. | | | | |

**MAIN CANDIDATE OF CTEVT STAFF QUOTA**

| S.NO. | SYMBOL NO. | NAME OF CANDIDATES | OBTAINED MARKS | REMARKS |
|---|---|---|---|---|
| 1. | | | | |

**PASS LIST OF CTEVT STAFF QUOTA**

| S.NO. | SYMBOL NO. | NAME OF CANDIDATES | OBTAINED MARKS | REMARKS |
|---|---|---|---|---|
| 1. | | | | |

**MAIN CANDIDATE OF LAXIT BERGA QUOTA:**

| S.NO. | SYMBOL NO. | NAME OF CANDIDATES | OBTAINED MARKS | REMARKS |
|---|---|---|---|---|
| 1. | | | | |
| 2. | | | | |
| 3. | | | | |
| 4. | | | | |

**PASS LIST OF LAXIT BERGA QUOTA:**

| S.NO. | SYMBOL NO. | NAME OF CANDIDATES | OBTAINED MARKS | REMARKS |
|---|---|---|---|---|
| 1. | | | | |
| 2. | | | | |

**MAIN CANDIDATE OF OPEN QUOTA:**

| S.NO. | SYMBOL NO. | NAME OF CANDIDATES | OBTAINED MARKS | REMARKS |
|---|---|---|---|---|
| 1. | | | | |
| 2. | | | | |
| 3. | | | | |
| 4. | | | | |
| 5. | | | | |
| 6. | | | | |

| | | | | |
|---|---|---|---|---|
| 7. | | | | |
| 8. | | | | |
| … | | | | |
| 31. | | | | |

**PASS LIST**

| S.NO. | SYMBOL NO. | NAME OF CANDIDATES | OBTAINED MARKS | REMARKS |
|---|---|---|---|---|
| 1. | | | | |
| 2. | | | | |
| 3. | | | | |
| 4. | | | | |
| …. | | | | |

**EXPELLED LIST**

| S.NO. | SYMBOL NO. | NAME OF CANDIDATES | REMARKS |
|---|---|---|---|
| 1. | | | |
| 2. | | | |
| 3. | | | |

## अनुसूची ७
### प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्को डिप्लोमा तथा प्रमाणपत्र तहको शैक्षिक कार्यतालिका

| क्र.सं | मुख्य कार्यक्रम | समय | | कैफियत |
|---|---|---|---|---|
| | | देखि | सम्म | |
| १. | प्रवेश परीक्षाको सूचना प्रकाशन | एसइइ को नतिजा लगत्तै | १५ दिन | |
| २. | प्रवेश परीक्षा | श्रावण दोश्रो हप्ता | | |
| ३. | पठन पाठन शुरु | भाद्र दोश्रो हप्ता | | |
| ४. | रजिष्ट्रेशन | श्रावण तेश्रो हप्ता | मंसिर १६ गते | |
| ५. | बार्षिक परीक्षा संचालन | भाद्र पहिलो हप्ता<br>मंसिर पहिलो हप्ता | | |

## अनुसूची-९

**(प्रवेश परीक्षाको आवेदन फारामको ढांचा)**

**निर्देशिकाको दफा ८ संग सम्वन्धित**

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

## परीक्षा नियन्त्रण कार्यालय

सानोठिमी, भक्तपुर

**प्रि-डिप्लोमा तहको पूर्ण शुल्किय …… कोटा**

प्रवेश परीक्षाको लागि आवेदन फाराम २०८१

कार्यालय प्रयोजनका लागि

दर्ता नं. ………..

मितिः ……………………

बुझिलिनेको सही ………………

सिम्बल नं. ………………………………………………

(ITMS बाट Generate भएपछि शिक्षालयले भर्नुपर्ने)

हालसालै खिचिएको पासपोर्ट साइज (35mmx45mm) को फोटो टांसी फोटो र फाराममा पर्ने गरी परीक्षार्थी र प्राचार्यले सही गर्ने

१.नाम (देवनागरीमा): ……………………………………………………………………………………………………………………………

Name:(Capital Letter) | | | | | | | | | | | | | | | | | | | | | |

२. जन्म मिति वि.सं…………………………………………….ई.सं. ……………………………………………… ३. लिङ्गः ………………….

४. बाबु आमाको नामः………………………………………………………………………………………………………………………………

५. ठेगानाः स्थायीः प्रदेश नं. ………..जिल्लाः……………………….. गाउंपालिका/न.पा./उप म.न.पा/म.न.पा……………………………………………………… वडा नं.:……………….

६. धर्मः ………………… ७. जातिः ……………………………………….…..८. सम्पर्क नं. ……………………………………९. E-mail: …………………………………..

१०. परीक्षार्थीले अध्ययन गर्न चाहेको शिक्षालयको नाम र ठेगाना उल्लेख गर्नुहोस् (परिषद्बाट शैक्षिक कार्यक्रम संचालन/स्वीकृती प्राप्त शिक्षालयको नाम र ठेगाना www.ctevtexam.org.np बाट डाउनलोड गरी आवेदन फाराम भर्ने सम्बन्धी सूचनामा उल्लेख भए बमोजिम भर्नुपर्नेछ)

**अध्ययन गर्न चाहेको शिक्षालयको नाम र ठेगाना:**

……………………………………………………………………………………………………………

११. **परीक्षार्थीले अध्ययन गर्न चाहेको एकमात्र शैक्षिक कार्यक्रम उल्लेख गर्नुहोस्**

………………………………………………………………………………………

१२. आवश्यक शैक्षिक योग्यताको विवरण:

| शैक्षिक योग्यता | अध्ययन गरेको शैक्षिक संस्थाको नाम, ठेगाना | सामुदायिक/सरकारी | उत्तीर्ण साल | सिम्बल नं. | श्रेणी | कुल प्राप्ताङ्क | प्रतिशत | ग्रेडिङ्ग नतिजाको हकमा |
|---|---|---|---|---|---|---|---|---|
| एस.एल.सी. प्रतिशत उत्तीर्णको हकमा | | | | | | | | |
| एस.एल.सी./एसईई अक्षराङ्कन पद्धतीको हकमा | | | | | विषय (ग्रेड उल्लेख गर्नुपर्ने) | | | समग्र GPA |
| | | | | | अंग्रेजी | गणित | विज्ञान | |
| | | | | | | | | |

१३. फाराम भर्दा संलग्न गर्नुपर्ने कागजातहरु:

| | कागजातहरु | पेस गरिएका कागजातको महलमा (√) लगाउनुहोस् | संलग्न कागजात तथा विवरणहरु रुजुगर्ने शिक्षालयको कर्मचारीको नाम र हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| क) | एस.एल.सी./एसईई उत्तीर्ण लब्धाङ्क पत्रको प्रमाणित प्रतिलिपी | | | |
| ख) | एस.एल.सी./एसईई उत्तीर्ण चारित्रिक प्रमाणपत्रको प्रमाणित प्रतिलिपी | | | |
| ग) | नागरिकता वा नावालिग वा जन्मदर्ताको प्रमाणित प्रतिलिपी वा नेपाली नागरीक हो भनी प्रमाणीत हूने प्रमाणपत्रको प्रमाणित प्रतिलिपि | | | |
| घ) | समकक्षताको प्रमाणित प्रतिलिपी (नेपाल सरकारको एस.एल.सी. वोर्ड बाहेकका अन्य वोर्डबाट उत्तीर्णहरुका लागि) | | | |

१४. यस आवेदन फाराममा भरेका सवै विवरणहरु तथा संलग्न कागजातहरु ठिक, सांचो हो भूठा ठहरिएमा प्रचलीत कानुन अनुसार कारवाही भएमा मेरो मञ्जूरी छ ।

आवेदकको सही ……………. मिति ……………….

१५. आवेदन फाराम स्वीकृत गर्ने प्राचार्यको नाम ………………………………………………………सहि……………………………………… मिति: …………………………………. शिक्षालयको छाप ……………………………….

१६. आवेदन फाराम ITMS Online मा Entry गर्नेको नाम ……………………………………………………सहि……………………………………… मिति:

## अनुसूची-१०

(बर्गीकृत (नि:शुल्क) छात्रवृत्ति तर्फको नतिजा प्रकाशनको सूचनाको ढांचा)
(निर्देशिकाको दफा २२ संग सम्वन्धित)

**प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्**

**...........प्रदेश कार्यालय**

.....................................

**प्रि-डिप्लोमा तहको बर्गीकृत (नि:शुल्क) छात्रवृत्ति तर्फका कार्यक्रमहरुको प्रवेश परीक्षाको नतिजा प्रकाशन गरिएको सम्वन्धी अत्यन्त जरुरी सूचना**

**(सूचना प्रकाशित मिति २०८...।..........।......)**

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी, भक्तपुरको मिति..................... गते प्रकाशित सूचना अनुसार मिति .................... गते संचालित प्रि-डिप्लोमा तहका बर्गीकृत (नि:शुल्क) छात्रवृत्ति तर्फका ..................................... ..........................................कार्यक्रमहरुको मिति ......................गते ..........बजे तोकिएका परीक्षा केन्द्रहरुमा संचालन गरिएको प्रवेश परीक्षामा सम्मिलित भई डिप्लोमा तथा प्रमाणपत्र तहको प्रवेश परीक्षा संचालन, छात्रवृत्ति बितरण तथा भर्ना सम्वन्धी निर्देशिका २०८१ अनुरुप लिखित परीक्षाको प्राप्तांक र एस.एल.सी/एस.इ.इ को शैक्षिक प्रमाणपत्रहरु बापत तोकिएका अंकको योगफल गरी स्वीकृत कार्यक्रमहरुको बर्ग, कोटाको योग्यताक्रम बमोजिम मिति २०८..।..........।.............गतेको निर्णयानुसार मुख्य उम्मेदवार, उत्तीर्ण सूची र रद्ध गरिएकाहरुको सुची प्रकाशित गरिएको व्यहोरा सम्वन्धित सवैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । मुख्य उम्मेदवारको रुपमा छनौट भई भर्नाका लागि सिफारिश भएका उम्मेदवारहरु मिति २०८..।.........।......... गते कार्यालय समय भित्रमा आफ्नो प्रवेश पत्र, नतिजाको प्रति, शैक्षिक योग्यताको प्रमाणपत्र, नागरिकता वा जन्मदर्ता, छनौट भएको लक्षित बर्गको सक्कल प्रमाणपत्रहरु, फोटो सहित तोकिएको शिक्षालयमा भर्ना हुन जानु हुन जानकारी गराइन्छ । सम्वन्धित शिक्षालयले यसै सूचनालाई आधार मानि भर्ना सम्वन्धी निर्देशिका र सूचनामा उल्लेख भए बमोजिम परीक्षार्थीहरुले पेश गरेका सक्कल प्रमाणपत्र र कागजातहरु शिक्षालयका प्राचार्यले रुजु गरेर मात्र भर्ना गर्न गराउनु हुन अनुरोध छ । साथै भर्नाका लागि तोकिएका शिक्षालयका कार्यक्रमहरुमा भर्ना हुन तोकिएको अन्तिम मितिसम्ममा भर्ना हुन नआएका परीक्षार्थीहरुको जानकारी परिषद्, ........ प्रदेश कार्यालयको इमेल ठेगाना.................................मा अनिवार्य रुपमा भर्ना सम्वन्धी निर्देशिकाको दफा २७(ख) बमोजिम ३ दिन भित्रमा अनिवार्य रुपमा लिखित जानकारी गराउनुपर्नेछ ।

**निर्देशक**

## अनुसूची-११

**(पुर्ण शुल्कीय तर्फको नतिजा प्रकाशनको सूचनाको ढांचा)**
**निर्देशिकाको दफा २० संग सम्वन्धित**

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

**...........प्रदेश कार्यालय**

.....................................

**प्रि-डिप्लोमा तहका पुर्ण शुल्कीय तर्फको**
**प्रवेश परीक्षाको नतिजा प्रकाशन गरिएको सम्वन्धी अत्यन्त जरुरी सूचना**
**(सूचना प्रकाशित मिति २०८..।.........।......)**

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी, भक्तपुरको मिति..................... गते प्रकाशित सूचना अनुसार मिति .................... गते संचालित प्रि-डिप्लोमा तहका पुर्ण शुल्कीय तर्फका ...................................... ..........................................कार्यक्रमहरुको मिति .......................गते ..........बजे तोकिएका परीक्षा केन्द्रहरुमा संचालन गरिएको प्रवेश परीक्षामा सम्मिलित भई डिप्लोमा तथा प्रमाणपत्र तहको प्रवेश परीक्षा संचालन, छात्रवृत्ति बितरण तथा भर्ना सम्वन्धी निर्देशिका २०८१ अनुरुप लिखित परीक्षाको अंक र एस.एल.सी/एस.इ.इ को शैक्षिक प्रमाणपत्रहरु बापत तोकिएको अंकको योगफल गरी स्वीकृत कार्यक्रमहरुको बर्ग, कोटाको योग्यताक्रम बमोजिम मिति २०८..।..........।.............गतेको निर्णयानुसार मुख्य सफल उम्मेदवार, उत्तीर्ण सूची र रद्ध गरिएकाहरुको सुची प्रकाशित गरिएको व्यहोरा सम्वन्धित सवैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

मुख्य उममेदवारको रुपमा छनौट भई भर्नाका लागि सिफारिश भएका उम्मेदवारहरु मिति २०८..।.........।......... गते कार्यालय समय भित्रमा आफ्नो प्रवेश पत्र, नतिजाको प्रति, शैक्षिक योग्यताको प्रमाणपत्र, नागरिकता वा जन्मदर्ता, छनौट भएको लक्षित बर्गको सक्कल प्रमाणपत्रहरु, फोटो सहित तोकिएको शिक्षालयमा भर्ना हुन जानु हुन जानकारी गराइन्छ । साथै सम्वन्धित शिक्षालयले यसै सूचनालाई आधार मानि भर्ना सम्वन्धी निर्देशिका र सूचनामा उल्लेख भए बमोजिम परीक्षार्थीहरुले पेश गरेका सक्कल प्रमाणपत्र र कागजातहरु शिक्षालयका प्राचार्यले रुजु गरेर मात्र भर्ना गर्न गराउनु हुन समेत अनुरोध छ ।

**निर्देशक**

## अनुसूची-१२

**(स्व घोषणाको नमुना)**

**निर्देशिकाको दफा २६ (ग) संग सम्वन्धित**

मिति : २०८...।........।........

श्रीमान् शिक्षालय प्रमुखज्यू,
..............................शिक्षालय,
......................................... ।

बिषय : **स्व-घोषणा सम्वन्धमा ।**

उपर्युक्त सम्वन्धमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, परीक्षा नियन्त्रण कार्यालयद्वारा मिति २०८..। .........। ........ गते ........... बजे संचालित प्रि-डिप्लोमा तहको पुर्ण शुल्कीय/वर्गीकृत (नि:शुल्क) छात्रवृत्ति तर्फको .................................................................. कार्यक्रमको प्रवेश परीक्षामा सम्मिलित भई मिति २०८...।.......।..... गते प्रकाशित नतिजामा ..................................कोटामा मुख्य उम्मेदवारको रुपमा छनौट भई भर्नाका लागि सिफारिश भएकोले भर्ना गर्न तोकिएको सम्पुर्ण शैक्षिक तथा बर्गको सक्कल प्रमाणपत्रहरु, प्रवेश पत्र, नागरिकताको प्रमाणपत्र, फोटो लिई उपस्थित भएको र उक्त कार्यक्रममा नियमानुसार भर्ना भएपछि पाठ्यक्रमले तोके बमोजिम सैद्धान्तिक र प्रयोगात्मक कक्षाहरुमा उपस्थित हुने स्व-घोषणा गर्दछु । पाठ्यक्रमले तोके बमोजिम न्यूनतम उपस्थित हुन नसकेमा परीक्षामा सहभागी हुन अयोग्य हुनेछु भन्ने व्यहोरा मलाई राम्रो संग जानकारी भएकाले प.नि.का, परिषद् प्रदेश कार्यालय र शिक्षालयले लिने जुनसुकै कार्यवाहीको निर्णय स्वीकार गर्ने व्यहोरा समेत अनुरोध छ । साथै यसै कारणले अध्ययन निरन्तर गर्न नसकेमा हुने आर्थिक, सामाजिक तथा समयको क्षतीका सम्वन्धमा मलाई पुर्व जानकारी भएकाले यस सम्वन्धमा कुनै उजुरवाजुर गर्ने छैन भनी दस्तखत गरिदिएको छु ।

निवेदक,

| | |
|---|---|
| परीक्षार्थीको नाम थर : ................................ | परीक्षार्थीको म ............................................ |
| दस्तखतः ................................................ | अभिभावक नाता............................माथि उल्लेखित विषयको मलाई जानकारी भएकाले यस स्वघोषणामा दस्तखत गरेको छु । |
| सिम्बल नं: ............................................ | भर्ना गर्न जाने अभिभावकको नाम :................. |
| कार्यक्रम :............................................... | दस्तखतः.................................................... |
| कोटा : ................................................. | सम्पर्क मोवाइल नं ..................................... |
| मितिः २०८..।............।........................ | सम्पर्क नम्बर ............................................. |